# सिपाही

पाक्षिक

रातो र चन्द्र सूर्य जङ्गी निशान हाम्रो
जिउँदो रगत सरी यो बल्दो यो शान हाम्रो
हिमाल झैं अटल यो झुकेन यो कहिल्यै
लत्रेन यो कहिल्यै जङ्गी निशान हाम्रो
यो जन्मदै जगत्मा कैयौं प्रहार आए
साम्राज्य दुई हारे हारेन शान हाम्रो
जबसम्म चन्द्र सूर्य आकाशमा रहन्छन्
तबसम्म हुन्छ आफ्नै रातो रगत यो हाम्रो
गाई सरी छन् साधु जो जो यहाँ जगत्मा
सबको शरण बलियो जङ्गी निशान हाम्रो

वर्ष ६ | अङ्क ९ | पृष्ठ ८+२ (श्री कालीभञ्जन गण (इ) को अतिरिक्ताङ्कसहित) | १ पुस २०६७


## प्रधानमन्त्रीबाट आयुक्तपद प्रदान

सम्माननीय प्रधानमन्त्री श्री माधव कुमार नेपालले नेपाली सैनिक प्रतिष्ठान, खरिपाटी भक्तपुरमा



गत मङ्सिर २६ गते भव्यरुपमा आयोजित सि.सं. ४० पदिक तथा हुद्दा अधिकृत क्याडेट तालिमको दिक्षान्त समारोहमा सफलतापूर्वक तालिम सम्पन्न गर्ने ५१ जना क्याडेटलाई सहायक सेनानी दर्जाको आयुक्त पद प्रदान गर्नु भयो । सो अवसरमा वहाँले तालिममा सर्वप्रथम हुने हुद्दा क्याडेट अर्जुन सुब्बालाई गौरवको प्रतिक 'स्वर्ड अफ अनर' प्रदान गर्नु भयो ।

उक्त अवसरमा नवआयुक्त अधिकृतहरुलाई संवोधन गर्नुहुँदै "जस्तोसुकै परिस्थितिमा पनि सरकारको आदेशको पालनाका लागि ज्यानको प्रवाह नगरि बाह्य र आन्तरिक खतराबाट राष्ट्रलाई पूर्ण सुरक्षित राख्न सदा तत्पर रहने र अहोरात्र कर्तव्य पथमा खट्टिइ जनधनको सुरक्षामा नेपाली सेनाले आफुलाई समर्पित गरेको तथ्य सर्वविदितै भएको बताउँनु भयो ।........बाँकी पृष्ठ २ मा

## रक्षामन्त्रीद्वारा रणदल गुल्मको निरीक्षण भ्रमण

माननीय रक्षामन्त्री श्रीमती विद्यादेवी भण्डारीले गत मङ्सिर १८ गते कालीकोटस्थित श्री रणदल गुल्मको निरीक्षण भ्रमण गर्नुभई गुल्मका सकलदर्जालाई सम्बोधन गर्नुभयो ।



गुल्म निरीक्षणका क्रममा अधिकृत तथा पदिकवर्गसँग रक्षामन्त्री श्रीमती विद्यादेवी भण्डारी।

सोक्रममा उहाँले नेपाली सेनाले निर्वाह गर्दै आइरहेको प्रशसनीय कार्यका सह्राना गर्नु भएको थियो । यसअघि रक्षामन्त्री श्रीमती भण्डारीलाई गुल्मपति सेनानी श्री क्षेत्र बहादुर मल्लले गुल्मको जिम्मेवारी क्षेत्रको बस्तुस्थितिबारे जानकारी गराउनु भएको थियो ।

## प्रधान सेनापतिबाट विभिन्न युनिटको निरीक्षण

प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गले गत मङ्सिर ११ गतेदेखि १६ गतेसम्म विभिन्न युनिटहरुको निरीक्षण भ्रमण गर्नुभई सकल सैनिकलाई सम्बोधन गर्नुभयो ।

यसक्रममा उहाँले मङ्सिर ११ गते चनवनस्थित नं. ७ वाहिनी अड्डा, मङ्सिर १२ गते



चितवनस्थित शम्सेरदल गण, नवलपरासीमा रहेको अहि्दमन गणको कावासोती पोष्ट र भेडावारी सुरक्षा पोष्ट र चितवनमा रहेको गोरखबहादुर गणको सौरहा पोष्टको निरीक्षण गर्नुभयो ।

यसैगरी उहाँले मङ्सिर १३ गते बाराको अमलेखजंगमा रहेको प्रतिविद्रोह तथा जंगल वारफेयर शिक्षालय जानुभई त्यहाँ नवनिर्मित भवन तथा तालिम पूर्वाधारको निरीक्षण गर्नुभयो । सोहीदिन प्रधान सेनापति श्री गुरुङ्गले वाराको आधावारमा तैनाथरहेको श्री गुरुगोरख गुल्म र पर्साको जीतपुरमा तैनाथ रहेको श्री कालीजंग गणको जीतपुर पोष्टको निरीक्षण गर्नुभयो ।

यसैगरी प्रधान सेनापति श्री गुरुङ्गले मङ्सिर १४ गते पर्साको श्रीपुरव्यारेकमा तैनाथ रहेको कालीजग गण, वाराको कलैयामा रहेको दुर्गाभन्जन गण, रौतहटको चन्द्रनिगाहपुरमा रहेको अमरदल गुल्मको पोष्ट, सर्लाहीको नवलपुरमा रहेको श्री रिपुमर्दन गण, महोत्तरीको बर्दिवासमा रहेको शेर गणको बर्दिवास पोष्ट, धनुषामा रहेको रोमियो व्याट्री नं. १ राजदल गणको निरीक्षण गर्नुभयो ।

यस्तै प्रधान सेनापति श्री गुरुङ्गले मङ्सिर १५ गते धनुषाको महेन्द्रनगरमा रहेको रणभीम गण, सिरहाको चोहर्वामा रहेको नयाँ श्रीनाथ गण र सोही गणको लाहान पोष्ट, सप्तरीमा रहेको श्रीमेहर गणको रुपनी पोष्ट र राजविराजमा रहेको श्रीमेहर गणको निरीक्षण गर्नुभयो ।

यसैक्रममा प्रधान सेनापति श्री गुरुङ्गले मङ्सिर १६ गते मध्यपृतना हे.क्वा. सुपारेटार मकवानपुर र शम्सेरदल गणका दियालो वंगला सुरक्षा गुल्म चितवनको निरीक्षण गर्नु भएको छ ।

यसक्रममा प्रधान सेनापति श्री गुरुङ्गलाई सम्बन्धित युनिटका युनिटपतिहरुले आ-आफ्नो क्षेत्रको वस्तुस्थिति तथा जिम्मेवारीका बारेमा जानकारी गराएका थिए ।.....
बाँकी पृष्ठ ३ मा



मध्यपश्चिम पृतना तालिम शिक्षालाय निरीक्षणपछि प्रधान सेनापतिसहित रथीवृन्दहरू ।

रथीवृन्द परिचय

## उपरथी श्री नेत्र बहादुर थापा



पिता अ.प्रा.म.से.स्व.छत्र बहादुर थापा तथा आमा बिष्णु कुमारी थापाका ज्येष्ठ सुपुत्र उपरथी श्री नेत्र बहादुर थापा वि.सं.२०१२ साल मङ्सिर ७ गते काठमाण्डौंको डिल्लिबजारमा जन्मनु भएको हो । द्वितीय विश्व युद्धका बेला विभिन्न स्थानमा भएको लडाइँमा अद्वितीय साहस, पराक्रम तथा बहादुरी प्रदर्शन गरी राष्ट्रिय ख्याति तथा अन्तर्राष्ट्रियस्तरमा नेपाल र नेपालीको यश बढाउन सफल पिता अ.प्रा.म.से. स्व.छत्र बहादुर थापाकै पद चिन्हमा रहेर उपरथी श्री थापाले पनि ३७ वर्षको सैनिक सेवामा आफ्नो छुट्टै पहिचान बनाउन सफल हुनु भएको छ । उहाँ हाल नेपाली सेनाको निरीक्षणाधिकृतमा कार्यरत हुनुहुन्छ । उपरथी श्री थापाको शुभ विवाह २०३५ सालमा श्रीमती अमिता थापासँग भएको हो । उहाँका तीन छोराहरु र दुई बुहारीहरु हुनुहुन्छ ।

उपरथी श्री थापाले श्री त्रिभूवन विश्वविद्यालयबाट स्नातक तह तथा भारतको मद्रास युनिभर्सिटी तमिलनाडुबाट डिफेन्स स्टडीमा पोष्ट ग्राजुएट गरी मद्रास युनिभर्सिटीबाट नै एम.फिल डिग्री हाँसिल गर्नु भएको छ । उपरथी श्री थापाले वि.सं.२०३० साल माघ २५ गते अधिकृत क्याडेटबाट सैनिक सेवामा प्रवेश गर्नुभई २०३१ साल माघ २० गते सहायक सेनानी दर्जामा कमिशन हुनुभई श्री शम्सेरदल गणमा नियुक्त हुनुभयो । उहाँ २०६४ साल असोज २१ गते उपरथी दर्जामा पदोन्नति हुनु भएको हो ।

उहाँले नेपाल लगायत विभिन्न देशहरुबाट विविध तालिम, वर्कशप तथा सेमिनारहरुमा भाग लिने सिलसिलामा भारतबाट बी.एस.डब्ल्यू, आई.एस.ओ.सी., जुनियर कमाण्ड, डिफेन्स सर्भिस स्टाफ कलेज र भारतबाट नै सेना सम्बन्धी उच्चस्तरीय तालिम एन.डि.सी.समेत सफलतापूर्वक सम्पन्न गर्नु भएको छ । साथै, उहाँले संयुक्त राज्य अमेरीकाबाट ट्याक्टिकल ईन्टलिजेन्स, सिभिल अफियर्स र साईकोलोजिकल अप्रेशन तथा बंगलादेशबाट यु.सी.एस.सी.तालिम गर्नु भएको छ । त्यसैगरि स्वीजरल्याण्ड, बेलायत, जर्मनी, संयुक्त राज्य अमेरीका र थाईल्याण्डमा सञ्चालित मिलिटरी ल सम्बन्धी विभिन्न सेमिनार तथा कन्फरेन्सहरुमा सहभागी हुनुभई पेशागत तथा उच्चस्तरीय विविध ज्ञानको दायरा बढाउनुभई नेपाली सेनाको योग्यतम् रथीका रुपमा आफूलाई स्थापित गर्न सफल हुनुहुन्छ । साथै नेतृत्वका सबै गुणहरुबाट सम्पन्न उपरथी श्री थापा फुटबल खेल्न निकै रुचाउनु हुन्छ, यही रुचीका कारण उहाँ फिफा क्वालिफाईड रेफ्रि समेत हुनुहुन्छ ।

विभिन्न पदीय हैसियतमा रहँदा उपरथी श्री थापाले श्री सिंहनाथ गण, श्री कालीबहादुर गण, श्री देवीदत्त गण र श्री गोरख बहादुर गणमा रहि उत्कृष्ट कार्य सम्पादन गर्नु भयो । यसक्रममा उहाँले श्री गोरख बक्स गुल्मको गुल्मपति, श्री शम्सेरदल गणको गणपति, श्री सैनिक शिक्षालयमा शिक्षक, श्री वीरेन्द्र आवासीय महाविद्यालयका सम्पर्क अधिकृत, श्री सैनिक सचिव विभाग, श्री नं. ६ बाहिनी अड्डाका सहायक बाहिनी पति, संभार महासेनानी, सैनिक समाचार निर्देशनालयको सह निर्देशक र व्यवस्था तथा नीति निर्देशकको रुपमा कार्यभार सम्हाल्नु भएको थियो । विगत द्वन्द्व कालमा राजधानीको सुरक्षाजस्तो अत्यन्त चुनौतीपूर्ण र संवेदनशील सुरक्षाको जिम्मेवारी निर्वाह गर्नुपर्ने श्री नं.१ बाहिनी अड्डाको बाहिनीपति र श्री मध्य पृतना हे.क्वा.को पृतनापतिमा कार्यरत रही आफ्नो उत्कृष्ट कार्य दक्षता प्रस्तुत गर्नु भएको छ ।

यसैगरी उहाँले अन्तर्राष्ट्रिय क्षेत्रमा संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापनार्थ युनिफिल मिशनमा सन् १९७९ मा से.मु.पति, सन् १९८९ मा युनिफिल फोर्स हे.क्वा.को फोर्स वेल्फेयर अफिसरको कार्य गर्नुका साथै सन् २०००-२००१ सम्म सोही मिशनको फोर्स हे.क्वा.मा सहायक चिफ अफ स्टाफ अपरेशनको जिम्मेवारी निभाउँदै २२ वर्षदेखि दक्षिण लेवननमा रहेको इजरायली फौजलाई इजरायली कन्ट्रोल एरियाबाट सेफ वीथड्रको लागि समेत सक्रिय भूमिका खेल्नु भएको थियो । यसका अतिरिक्त उहाँ सन् १९९६ देखि सन् १९९९ सम्म मित्रराष्ट्र चीनमा सैनिक सहचारीको रुपमा कार्यरत रहनु भयो ।

उपरथी श्री थापा बिख्यात त्रिशक्ति पट्ट तेस्रो, प्रवल गोर्खा दक्षिण बाहु तेस्रो, मेम्बर अफ रोयल भिक्टोरीयन अर्डर यु.के.(एमभीओ यु.के.), पी.एल.ओ. फ्रेन्डसीप मेडलहरुबाट विभूषित हुनुहुन्छ ।

**प्रधान सम्पादक :** प्रा.म.से. किरणबाबु थापा

**प्रबन्ध निर्देशक :** म.से. कुवेर थापा

**सम्पादक :** प्रा. सेनानी केशव बर्तौला

**प्रकाशक :** श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृश्य महाशाखा, प्रचार-प्रसार शाखा, जङ्गी अड्डा,

**फोन :** ०१-४२४१७३१, **E–mail:–** sipahipatrika@gmail.com

***१ पुस २०६७/16th Dec 2010.***

## शाश्वत वाणी

**शान्तिको विजय, युद्धको भन्दा ठूलो हुन्छ ।**

**-मिल्टन**

**कोमल शब्दमा कठोर तर्क हुन्छ ।**

**-तमस फुलर**

## *सम्पादकीय...*

## खेलकुद

***'खेल' शब्द आफैमा रोमाञ्चकारी छ । सामान्यतया जीवीकोपार्जनको लागि गरिने विविध कार्यको अतिरिक्त केही फुर्सदी भएर मनोरञ्जनको निम्ति गरिने कृयाकलापलाई खेल भनिन्छ । यो काम होईन, खेल हो त्यसैले यो आफैमा रोमाञ्चकारी भनिएको हो ।***

***नेपाली सेनामा खेललाई कवाजकै रुपमा स्वीकारिएको छ । स्वस्थ रहनका लागि शारीरिक व्यायामको धेरै ठूलो भूमिका हुन्छ । शारीरिक व्यायामले शरीरलाई स्वस्थ त राख्छ नै तर मनलाई स्वस्थ राख्नु भनेको अलि फरक कुरा हो । मन विचारसँग सम्बन्धित छ । विचार सकारात्मक भएमा मन स्वस्थ रहन्छ र अन्ततः शरीर पनि स्वस्थ रहन्छ । खास गरी मानसिक स्वास्थ्यका निम्ति खेलको महत्वपूर्ण भूमिका हुन्छ । चाहे त्यो ठूलै शारीरिक अभ्यासपूर्वक खेलिने फुटबल होस् वा सामान्य । तीनका आ(आफ्ना नियम र त्यसका विशेष सारहरु हुन्छन् । निष्पक्षता, निरन्तरता, सामुहिकता, सरलता, मेलमिलाप, भातृत्व, टिमस्प्रिट, विजयीको उन्माद र त्यसले दिने रोमाञ्चकता, कौतुहलता, प्रतिस्पर्धा जस्ता सारहरु मानसिक स्वास्थ्यका लागि अद्वितीय र अचुक औषधी हुन् । यसले विचारलाई समेत परिमार्जित र सकारात्मकतिर उन्मुख गरिदिन्छ । खेलको अर्को महत्वपूर्ण पक्ष भनेको यसले मानसिक दवाव, नैराश्यता, लडाईंको थकान, छटपट्टी, हीनताबोध र तनावलाई स्वात्तै बढारिदिन्छ ।***

***खेल खेल्दाका साथी वा भातृत्वभावले आफूभन्दा वरिष्ठ वा कनिष्ठ दुवै पक्षलाई समानान्तर र समानरुपमा स्थापित गरिदिन्छ, जसले गर्दा व्यवसायिक जीवनमा होस् वा त्यसपछिका दिनमा एउटा अमिट बन्धन कायम गरिदिन्छ, दुःख सुखमा ती सम्बन्धहरु लाभदायक हुन्छन् । त्यसैले 'खेल' काम होईन तर ठूलो 'काम' हो । यही महत्वलाई हृदयंगम गरी नेपाली सेनाले खेललाई व्यवसायिक काम अर्थात 'कवाज' कै रुपमा समेत स्वीकारेको हो ।***

***यसक्रममा नेपाली सेनाले युनिट, वाहिनी र आर्मीस्तरका विविध खेलकुद प्रतियोगिता आयोजना गरी आफ्ना सकलसैनिकहरुको प्रतिभालाई उजागर गर्दै क्षमता प्रदर्शनको लागि मञ्च उपलब्ध गराउँदै आएको छ । यस सम्पादकीय लेखिरहदा जङ्गी अड्डा खेल मैदानमा प्रधान सेनापति कप ट्रफि प्रतियोगिता चलिरहेको छ । यो प्रतियोगिताले हाम्रा सैनिक खेलाडीहरुको क्षमता जाँच्दै नवप्रतिभाहरुलाई प्रेरणा दिने काम मात्रै गरेको छैन यससँगसँगै राष्ट्रकै निम्ति योग्य खेलाडीहरु उत्पादन गर्ने कामसमेत गरेको छ । यसर्थ,यो प्रतियोगिताले राष्ट्रिय खेल क्षेत्रको उत्थानमा राम्रा, स्तरीय र सशक्त नवप्रतिभाहरु जन्माई रहेको छ भन्न पाउँदा सिपाही पाक्षिकलाई गर्व लागेको छ ।***

## अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइयो

विगतका वर्षहरुमा झैं यस वर्ष पनि नेपाली सेनाले विविध कार्यक्रमको आयोजना गरी अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाएको छ।

सो दिवसको उपलक्ष्यमा प्रधान सेनापति महारथी श्री छत्रमानसिंह गुरुङ्गले नेपाली सेनाका सकल दर्जाहरुलाई सन्देश दिनु भएको छ । सन्देशमा मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको सर्वमान्य सिद्धान्तलाई पूर्णरुपमा पालना गर्दै सोको संरक्षण र सम्वर्द्धनमा नेपाली सेनाले शुन्य सहिष्णुताको सिद्धान्त अवलम्बन गर्दै आइरहेको उल्लेख छ।

यसैक्रममा गत मङ्सिर २६ गतेबाट पुस २ गतेसम्म हेटौडास्थित मध्य पृतना मुख्यालयमा मानव अधिकार, अन्तर्राष्ट्रिय मानवीय कानून र युएनएससीआर १३२५ र १८२० सम्बन्धी तालिम संचालन गरिएको छभने विगत वर्षमा झैं नेपाली सेनाले प्रयोग गरेका सम्पूर्ण सवारी साधनहरुमा मानव अधिकार दिवस (१० दिसेम्बर २०१०) को अगाडि पछाडि गरी सातदिन 'नेपाली सेना मानव अधिकारप्रति प्रतिवद्ध छ' भनि लेखिएको स्टीकर टाँसिएको छ।

यसैगरी गत मङ्सिर २३ गते नेपाली सेनाको मानव अधिकार निर्देशनालयले अन्तराष्ट्रिय मानव अधिकार दिवश २०६७ को उपलक्ष्यमा श्री त्रिभुवन आर्मी अफिसर्स क्लबमा एक कार्यक्रमको आयोजना गरेको थियो । मानव अधिकार निर्देशनालयका निर्देशक प्राड सहायक रथी श्री निरेन्द्र प्रसाद अर्यालको स्वागत मन्तव्यबाट प्रारम्भ भएको उक्त कार्यक्रममा संयुक्त राष्ट्र संघीय महिला विकास कोष, नेपालकी कार्यक्रम संयोजक संगिता थापा मगर तथा प्राध्यापक डाक्टर चन्द्रा भद्राको उपस्थिति रहेको थियो । कार्यक्रममा संयुक्त राष्ट्र संघीय महिला विकास कोषको कार्यक्रम संयोजकले नेपाली सेना र सो कोषको साझा साँफेदारी र मानव अधिकारप्रति नेपाली सेनाले देखाएको प्रतिवद्धता सम्वन्धमा चर्चा गर्नु भएको थियो ।

सो अवसरमा निर्देशनालयका प्र.से. श्री लव र ायमाझी लगायत अन्य अधिकृतहरुको उपस्थिति थियो।

## स्तनपान

**तपाईंको स्वास्थ्य**

### परिचय

भर्खर जन्मेको बच्चालाई आमाको दूधले धेरै सरुवा रोगहरु लाग्न नदिई खोपकै काम गरी रहेको हुन्छ। अझ खास गरी सुत्केरी हुने वित्तिकै आउने बाक्लो पहेलो बिगौती दूधमा रोग र ोकथाम गर्न सक्ने धेरै तत्वहरु हुन्छन्। स्तनपान गराउने आमा बच्चाको सम्बन्ध अझ बलियो बनाई एक आपसमा माया ममता बढाउँछ । बच्चा जन्मेदेखि ६ महिनासम्म आमाको दूधमात्र र त्यसपछि आमाको दूधको साथै अरु नरम र पोषिलो खानेकुरा खुवाउनुपर्दछ । कम्तीमा बच्चालाई दुई वर्षसम्म आमाको दूध खुवाइर हनु पर्छ ।

**आमाको दूधबाट हुने फाइदाहरु**

आमाको दूध नवजात शिशुहरुकोलागि पहिलो खोप हो। आमाको पहिलो विगौती दूधमा नवजात शिशुलाई जीवनदायक प्रतिरोधात्मक तत्व रहेको हुन्छ।

आमाको दूधले नवजात शिशुलाई संक्रमण र एलर्जी विरुद्ध बचाउँछ ।

नवजात शिशुको वृद्धि र विकासको लागि आमाको दूधमा सम्पूर्ण पोषण तत्व रहेको हुन्छ।

स्तनपान गराउँदा आमाको पाठेघर खुम्चन गई शिशु जन्मेपछि हुने रक्तश्राव कम गराउँछ।

स्तनपान गराउने आमाहरुको स्तन र पाठेघरमा क्यान्सर हुने सम्भावना कम हुन्छ।

पुर्णरुपमा स्तनपान मात्र गराउनाले आमाको अर्को गर्भधारण ६ महिनासम्म रोक्न मद्दत पुऱ्याउँछ।

स्तनपानले आमा र नवजात शिशुको सम्वन्धलाई अझ बलियो बनाउँछ।

**आमाको दूध पुगे नपुगेको थाहा पाउने तरिका**

शिशुको तौल बढे नबढेको हेरेर दूध खाने बच्चाको तौल प्रत्येक महिना कम्तीमा ५०० ग्राम बढ्नु पर्दछ ।

शिशुले २४ घण्टामा पिसाब फेरेको हेररे दूध पुगेको बच्चाले २४ घण्टामा कम्तीमा ६ देखि ८ पटकसम्म पिसाब फेर्नु पर्दछ ।

**बच्चालाई आमाको दूध खुवाउने तरिका**

नवजात शिशुलाई जन्मेको १ घण्टाभित्रै आमाको पहिलो विगौती दूध खुवाउँनु पर्दछ।

बच्चा जन्मेदेखि ६ महिनासम्म पूर्णरुपमा स्तनपान मात्रै गराउनुपर्छ । यसो गरेमा बच्चालाई यस अवधिमा कुनै पनि अन्य झोलिलो खानेकुरा र पानी समेत दिनु हुँदैन र बिरामी भएमा स्वास्थ्यकर्मीको सल्लाहमा औषधी दिन सकिन्छ

२४ घण्टामा कम्तिमा ८ पटक स्तनपान गराउँनुपर्दछ । दुबै स्तनबाट पालैपालो निखिने गरी स्तनपान गराउनुपर्दछ ।

प्रत्येक एउटा स्तनबाट कम्तिमा १५ मिनेट अथवा बच्चाले चाहेको समयसम्म स्तनपान गराउनुपर्दछ।

**दूधको मात्रा बढाउने तरिका**

दूध खुवाउने आमाले आफ्नो खानाको मात्रा अरु बेलाको तुलनामा बढाउनुपर्दछ। झोल पदार्थ र विशेष गरी ज्वानोको झोल जस्ता कुरा प्रशस्त खानुपर्दछ ।

शिशुलाई बारम्बार दूध चुसाईरहनु पर्दछ।

दूध खुवाउने कुरामा परिवारका सदस्यहरुले आमालाई विशेष सहयोग गर्नुपर्दछ।

खानामा मासु भात र प्रशस्त झोलिलो वस्तुहरु भएका खाद्य पदार्थहरु प्रशस्त खुवाउनुपर्दछ ।

**आमाको दूध खुवाउदा ध्यान दिनुपर्ने कुराहरु**

जन्मेदेखि ३ वर्षसम्मका केटाकेटीहरुको प्रत्येक महिना तौल लिनुपर्दछ । लगातार २ महिनासम्म तौल बढेको नपाइएमा कुपोषण भएको छ भन्ने बुझ्नु पर्दछ ।

जन्मेको ६ महिनासम्मका बच्चाहरुलाई आमाको दूध जती राम्रो अरु केहि हुँदैन ।

जन्मेको ६ महिना पुरा भएपछि बच्चाहरुलाई आमाको दूधले मात्र पुग्दैन । क्रमशः नरम र सजिलै सित पचाउन सक्ने ठोस खानेकुरा खुवाउन शुरुगर्नु पर्दछ ।

३ वर्ष भन्दा कम उमेरका बच्चाहरुलाई दिनमा ५,६ पटक खाना खुवाउनुपर्दछ। खानामा अलिकति घ्यू वा तेल हालेको हुनु पर्दछ । खानामा पाकेटको आयोडिनयुक्त नुन हाल्नुपर्दछ।

सबै केटाकेटीहरुलाई भिटामिन ए -युक्त खाना खुवाउनुपर्दछ।

आमा र बच्चाको समय समयमा स्वास्थ्य परीक्षण गराउनुपर्दछ ।

खाना तयार गर्नुभन्दा अगाडि र बच्चालाई खुवाउनु अगाडि साबुन पानीले सफासँग हात धुनुपर्दछ ।

## प्रधानमन्त्रीबाट.......

यसैगरि उहाँले वर्तमान समयमा नेपाली सेनाले राष्ट्र र राष्ट्रियताका लागि सगर्व समर्पित रहनुको साथै अन्तराष्ट्रिय क्षेत्रमा शान्तिको सन्देश फैलाउने कार्यमा समेत योगदान दिदै आएको कारण देशको पहिचान एवं गौरवलाई विश्वव्यापीकरण गराउन ठूलो मद्दत मिलेको कुरासमेत उल्लेख गर्नुभयो। साथै उहाँले नवआयुक्त अधिकृतहरुलाई राष्ट्र र जनताका निमित्त सेवक भइ काम गर्नमा आफुलाई उदाहरणका रुपमा प्रस्तुत गर्न सदासक्षम एवं सफल हुनुहोस् भन्ने शुभकामना" समेत दिनु भयो। दिक्षान्त कवाज समारोहमा अधिकृत क्याडेटहरुले ढिलो र छिटो चालमा इज्जत अर्पण कवाज प्रस्तुत गरेका थिए। नौ महिना अवधिको सो अधिकृत क्याडेट तालिममा १७ जना पदिक क्याडेट र ३४ जना हुद्दा क्याडेटसहित जम्मा ५१ जना सम्मिलित थिए। सम्माननीय प्रधानमन्त्री सैनिक प्रतिष्ठान पुग्नु हुँदा उहाँलाई शिक्षाधिकृत सहायक रथी श्री यज्ञ विक्रम राणा तथा अधिकृतहरुले स्वागत गर्नु भएको थियो।

सो अवसरमा प्रधान सेनापति महारथी श्री क्षत्रमान सिंह गुरुङ्ग, रक्षा सचिव श्री नविन घिमिरे, नेपाल प्रहरी तथा शसस्त्र प्रहरीका बरिष्ठ अधिकृतहरु, अन्य गन्यमान्य व्यक्तिहरु, नेपालस्थित विदेशी सैनिक सहचारीहरु तथा नवआयुक्त अधिकृतहरुका आफन्तजनहरुको ठूलो संख्यामा उपस्थिति रहेको थियो।

## नेपालको सैनिक इतिहास

**अघिल्लो अङ्कबाट बाँकी क्रमशः**

### .....सैनिक संगठनको विकासक्रम

पृथ्वीनारायण शाहले सन् १७४४ देखि सैनिक संगठनको निमित्त आवश्यक प्रयास शुरु गरि सकेका थिए भनेर माथि नै भनिसकिएको छ। त्यसै बेलादेखि उनले आफ्ना सेनालाई तीन मुसलमान शेख जोरावर,मुहमद अली र वेखासिंह(?)लाई अजिटनीको पदमा नियुक्त गरी कवायद र बन्दूकबाट तारो हान्ने तालिम दिन लगाएका थिए। तर यस्ता काममा तत्कालीन सिपाहीहरु अभ्यस्त हुन नसकेबाट उनले बाँकी फौजलाई खुँडा, तरवार भाला, बर्छा, धनुकाँड इत्यादि हतियारबाट सुसज्जित गराई युद्धाभ्यास एवं युद्धकलाको तालिम दिने व्यवस्था मिलाएका थिए । सम्भवतः बन्दूकबाट तारो हान्ने काममा( बढी जनशक्तिलाई) तालिम दिन वढी आर्थिक भार पर्ने भएकाले प्ररम्भिक चरणमा नाल बोक्ने सेनाभन्दा तरवार भिर्ने सेना उनले बढी जम्मा गरेका थिए । बनारस यात्राबाट किनेर ल्याएको बन्दूक र गोला-बारुदको प्रयोग गर्नेबारे सिमित मात्र सैनिकहरुलाई तालिम दिन र युद्धमा सिमित मात्रामा मात्र प्रयोग गर्न पुग्ने किसिमको थियो । तसर्थ मकवानपुरको युद्धमा समेत बन्दूक बोक्ने सिपाहीहरुको प्रयोग अधिक मात्रामा भएको थिएन । त्यस युद्धमा मकवानपुरको सेनालाई परास्त गरेपछि मात्र उनी त्यहींको बन्दूकबाट नाल बोक्ने सैनिक दल गठन गर्न सफल भएका थिए भन्ने कुरा वंशावलीमा स्पष्ट रुपमा लेखिएको छ :-

*" सम्वत १८१९ भाद्र महिनाको ८ दिन जाँदा शुक्रबारका दिनमा मकवानपुरमा ठनाहाल्या भोलीवेर शनिवारका दिन ठूलो लडाइ २१ घडीमा भयो हाम्रो पनि केही मानिस समेत गया ५०/६० आदमी ठहऱ्यै मऱ्या वानिया राजा भागि हरिहरपुर गया मकवानपुर गोर्षाको फत्ये भयो, सात सय चापवाला बन्दूक अरु खरखजाना हात लाग्यो र त्यसै सालमा श्रीनाथ, वर्दवाणी, सबुज, गोरख, कालीबक्स ५ कम्पनी जमाइ भैरवी स्थानमा निशान चढाउनु भयो"।*

यसरी नै **"भाषा वंशावली"** को एउटा अर्को ठाउँमा यस्तो लेखिएको छ :-

*" ....माघ १० का दिन जाँदा ..... साना तोप २ वम १ बन्दूक ४००/५०० हात लाग्यो हाम्रो*

*गोर्षाको फत्ये भयो गुविषा भाग्यो ताहिका बन्दूक आया पछि कम्पनी जमाउनमा शुरु गर्नु भयो ....। "*

*निदानमा गोर्षाको फत्ये भयो बन्दूक धेरै जसवाफ षजाना हात लाग्यो पल्टनको भुष्त्यार हाडी साहेवलाई पनि थाहा लागि भागी गयो यीनै बन्दुकले सबुज वर्दवाणी र पुराना गोरष थप गरी बन्यो ।*

वंशावलीहरुमा नाल बोक्ने सैन्य सन् १७६२ को उत्तरार्द्धतिर खडा गर्न पृथ्वीनारायण शाह सफल भएको पाइन्छ। यस्ता सैन्यलाई कम्पनी भनी नामाकरण गरिएको कुरो पृथ्वीनारायण शाहको उपदेशका यी उद्धतांशहरुबाट प्रमाणित हुन्छः-

*"मुगलानको दोष मेटनालाई आधा थुम मेटी कंपनी जमायाको हो, आधा षुडा आधा पथर काला वनायाको हो "*

यसरी पृथ्वीनारायण शाहको सैनिक संगठनमा दुई थरीका हतियार बोक्ने सैनिक सन् १७६२ देखि देखापरेका थिए: ती हुन्-एक थरी तरवार,भाला, बर्छा, खुकुरी, धनुकाँड बोक्ने र अर्को चाँही बन्दुक बोक्ने (पृथ्वीनारायण शाहले तरवार,भाला, धनुकाँड भिर्ने फौजलाई गुरिल्ला युद्धनीतिद्वारा ) कम्पनीको नामकरण गरी स्थायी सैन्य खडा भएपछि तालिम दिने गरेकाले शत्रुफौजमाथि एक्कासी आक्रमण गरी उनीहरुलाई तितर-बितर गर्ने प्रयोगमा ल्याए। साथै आत्तिएका फौजमाथि गोला बारुद बर्षाई लखेट्ने काम कम्पनीद्वारा गराउने रणनीति यीनले अँगाले । यही रणनीतिबाट जयप्रकाश मल्लको सहयोगार्थ आएका कप्तान किनलोकको अंग्रेजी फौज पराजित भएर भाग्न बाध्य भएको थियो । यही रणनीति प्रयोगमा ल्याएर एक दशक नवित्दै पृथ्वीनारायण शाह काठ्माडौं उपत्यका लगायत पूर्वका चौदण्डी, विजयपुर समेत दखल गर्न सफल भए । त्यसैले पृथ्वीनारायण शाहले सैनिक संगठन प्रक्रियाबारे बोल्दा आधा षुँडा आधा पत्थर कालाबाट बनायाको हो भनी (बन्दूकधारी कम्पनीलाई) बोलेर गएका थिए । तर पछि गएर नाल बोक्ने कम्पनीहरुको गठन तर्फ बढी ध्यान विभिन्न शासकहरुले दिएको पाइन्छ। तर प्रारम्भिक चरणमा यी दुवै थरीका सैन्य शक्ति संकलन गर्न पृथ्वीनारायण शाहले आफ्नो राज्यको आधा आम्दानी खर्च गर्नु परेको थियो।

**कम्पनीको स्वरुप**

सन् १७६२-६३ तिर पृथ्वीनारायण शाहले जम्मा ५ कम्पनी खडा गरेका थिए। "कम्पनी" शब्दको प्रयोगबाट नै पृथ्वीनारायण शाहको सैनिक संगठन यूरोपीय शैलीबाट प्रभावित भएको स्पष्ट हुन आउँछ। यसमाथि नेपालको सिमानासँग जोडिएका भारतीय प्रान्तहरुमा अंग्रेजहरुको प्रभाव शुरुदेखिनै नेपालमा पर्न थालेको थियो। त्यसैले अंग्रेजहरुको विरुद्ध युद्ध गर्ने मनस्थिति तयार पार्ने उद्योगमा लागेका भीमसेन थापाले उनीहरुसँग लड्न फ्रेन्च शैलीमा सैनिक शक्ति परिचालन गर्ने उद्देश्य लिएर पनि अंग्रेजी प्रभावबाट आफूलाई र आफ्ना सेनालाई मुक्त पार्न सफल हुन सकेनन्। अतः प्रारम्भिक चरणमा संगठन गर्न लागेको सैनिक संगठनमा बनारससम्म पुगेर आधुनिक हात-हतियार किनेर आएका पृथ्वीनारायण शाह अंग्रेजी प्रभावबाट मुक्त थिए भन्न मिल्दैन।

पृथ्वीनारायण शाहले सैनिक कम्पनीहरु कसरी खडा गरेका थिए भन्नेबारे उल्लेख गर्न तत्कालीन उनले खडा गरेका सैनिक कम्पनीहरुका दस्तावेजहरु प्रस्तुत गर्न सकिदैन तर **दिव्य उपदेशमा..** बाँकी अर्को अङ्कमा

## तपाइँको राशिफल

**पुस १ देखि ऐ १५ सम्म**

*मू.प.सु. शिवशंकर न्यौपाने*
*ज्योतिषाचार्य*



***मेषः-चु,चे,चो,ला,ली,लू,ले,लो,अ)*** तपाइँको लागि मिश्रित फल मिल्ने समय छ । आर्थिक दृष्टिले सबल, स्वास्थ्यमा अवरोध, यात्राबाट असन्तोष, खर्च अधिक, अशुभ समाचार, परिश्रम वढी मनमा अशान्ति हुनेछ ।

***वृष-इ,उ,ए,ओ,वा,वी,वु,वे,बो)*** अनावश्यक खर्च, व्यर्थको झमेला, काममा असन्तोष,पारिवारिक समस्या, बौद्धिक काममा अस्थिरता, शत्रुवढी, संयुक्त लागानी तथा व्यापारबाट आंशिक लाभ नोकरीमा प्रगति हुनेछ।

***मिथुन-का,की,कु,घ,ङ,छ,के,को,हा)*** सामान्य कुराले पनि वढी पिरोल्ने, रिसले दुःख देला, विरोधीदेखि सावधान, कुरा काट्नेदेखि विगविगी,काममा सफलता, शत्रुपराजित, भेटघाट, प्रिय मिलनको संभावना छ।

***कर्कट-ही,हू,हे,हो,डा,डी,डू,डे,डो)*** प्रगति हुने देखिन्छ, आर्थिक प्राप्ती, अधुरा काम सम्पन्न, शारीरिक एवम मानसिक सुखभोग गर्न पाइने, जागिरबाट सन्तोष, यात्राको योग, प्रतिस्पर्धामा सफलता, सुखानुभूति होला ।

***सिंह -मा,मी,मु,मे,मो,टा,टी,टु,टे)*** खर्चको वाहुल्यता, आन्तरिक सुख, आयआर्जनको मार्ग प्रशस्त हुने, नयाँकामको थालनी, इज्जतमाकमी हुनसक्ने, शुभ समाचार आउने छ ।

***कन्या -टो,प,पी,पु,ष,ण,ठ,पे,पो)*** तपाइँको यो साता साहसी काममा सफलता, सामाजिक सेवाप्रति चासो आर्थिक लाभको अवसर, भोग तथा सम्मान पुरस्कार प्राप्त , मन चञ्चल, अस्थिरता, कर्मप्रति संचेत रहने अवस्था छ ।

***तुला-(र,री,रु,रे,रो,ता,ती,तू,ते)*** खर्चको संभावना, मांगलिक कार्यमा सहयोग, शत्रुपराजित, आर्थिक लाभका अवसर प्राप्त, यात्रा एवम भेटघाट, मेवा मिष्ठान्न उपभोग, बौद्धिक एवं रचनात्मक काममा संलग्न हुनुहुनेछ।

***वृश्चिक-तो,ना,नी,न,ने,नो,या,यी,यु)*** *यात्राको योग,महत्वपूर्ण वस्तु प्राप्ति, राष्ट्रिय मान-सम्मानको योग, आम्दानी एवम खर्च, मन प्रसन्न रहने, मानसिक सन्तुष्टि मिल्ने, सुख भोगको समय छ ।*

***धनु-ये,यो,भा,भी,भू,ध,फा,ढा,भे)*** व्यर्थको अपवाद आउन सक्ने,मन अस्थिर, नराम्रा व्यक्तिसित सम्पर्क, स्वास्थ्यमा खरावी, आउने भन्दा जाने वढी, अशुभ समाचार, इश्वरीय आस्थामा धैर्य मिल्ने छ ।

***मकर -भो,जा,जी,खी,खु,खे,खो,गा,गी)*** शुभ कामको संकेत, अरुलाई सहयोग गर्नुपर्ने, आफूले गरेका काम सफलतता, शुभ समाचार सुन्न पाइने, अनावश्यक कामतिर मन प्रवृत्त, प्रिय मिलनको समय छ ।

***कुम्भ-गु,गेगो,सा,सी,सु,से,सो,दा)*** लाभदायक समय, सामाजिक सास्कृतिक कार्यमा संलग्न, स्वास्थ्यमा खरावी, अरुकोलागि समय खर्च, घाउचोटको संभावना शुभ समाचार परिवारिक सुखभोग मिल्ने छ ।

***मीन -दी, दु, थ, झ, ञ, दे, दो, चा, ची)*** राम्रा कामको थालनी, मान प्रतिष्ठा वृद्धि हुने, ऐतिहासिक ठाउँको यात्रा, पढाई लेखाईमा प्रगति, घरपरिवार बाट टाढा, अपवादको सामना, खर्च एवं भेटघाट हुने छ ।

## प्रधान सेनापतिबाट विभिन्न .........

यसैगरी गत मङ्सिर २२ गतेबाट प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गले मध्यपश्चिम पृतनाको जिम्मेवारी क्षेत्रको दुईदिने निरीक्षण भ्रमण गर्नुभएको छ।

यसक्रममा उहाँले कर्णाली र भेरी अञ्चलमा अवस्थित पृतना हे.क्वा, गण, गुल्म र नेपाली सेनाले बनाउन लागेको सालझण्डीस्थित 'इन्टेग्रेटेड आर्मी ट्रेनिङ्ग सेन्टर' को निरीक्षण गर्नुभएको थियो ।

निरीक्षणको पहिलो दिन प्रधान सेनापति श्री गुरुङ्गले रुकुम जिल्लास्थित दि फेमश मेहन्द्र दल गण, जाजरकोटस्थित नरसिंहदल गण, जुम्लास्थित २४ बाहिनी, कालीकोटस्थित श्री रणदल गुल्म, दैलेखस्थित रणशार्दुल गणको निरीक्षण गर्नुभई सकलदर्जालाई सम्बोधनसमेत गर्नुभएको थियो। यसैगरी सोही दिन प्रधान सेनापति श्री गुरुङ्ग मध्य पश्चिम पृतना हे.क्वा.को ९ औं वार्षिकोत्सव समारोहमा सहभागी हुनुभएको थियो ।

उक्त अवसरमा प्रधानसेनापति महारथी श्री गुरुङ्गले जवानहरुको वासस्थान, भौतिक पूर्वाधारहरुको अवस्था, बन्दोवस्ती वेलफेयर, तालिम अपरेसनल रेडिनेस, व्यवस्थापन आदिवारे अवलोकन गर्नुभै पृतना, बाहिनी गण, गुल्मका सकलदर्जालाई सम्वोधन गर्नुभएको थियो । यसैक्रममा उहाँले सुर्खेत एअरपोर्टस्थित श्री कालीदल गण (ई), श्री नं २ राजदल गण, ११ बाहिनी (हवाई सेना) को सुर्खेतस्थित पश्चिम एयरवेशमा निर्माण भएका केही व्यारेक घरहरुको उद्घाटन गर्नुभई निरीक्षण गर्नुभएको थियो ।

यसैगरी निरीक्षण भ्रमणको दोस्रो दिन प्रधान सेनापति महारथी श्री गुरुङ्गले मध्यपश्चिम पृतना हे.क्वा.ले कौशलनगरमा स्थापना गरेको मध्यपश्चिम पृतना तालिम शिक्षालयको समेत उद्घाटन गर्नुभई निरीक्षण गर्नुभयो। यसैगरी उहाँले नं ४ बाहिनीको निरीक्षण भ्रमण गरेपछि २५०० विघामा फैलिएको बुटवलस्थित सालझण्डीमा नेपाली सेनाको पदिक तथा विल्लादारहरुको लागि निर्माणाधीन 'इन्टेग्रेटेड आर्मी ट्रेनिङ्ग सेन्टर' को निरीक्षण गर्नुभई त्यहाँ सञ्चालित सैन्य आधार तालिमको समेत निरीक्षण गर्नुभयो ।

यसअघि प्रधान सेनापति श्री गुरुङ्गको भ्रमणका क्रममा मध्यपश्चिम पृतनापति उपरथी श्री केशव राज महतले स्वागत मन्तव्य दिनु भएको थियो ।

प्रधान सेनापतिद्वारा गरिएको युनिट/सवयुनिटहरुको निरीक्षण भ्रमणकाक्रममा विकास निर्माण तथा स्थपति महानिर्देशनालय निर्देशक उपरथी श्री नरेश वस्नेत, मध्य पश्चिम पृतनापति उपरथी श्री केशव राज महत र पश्चिम पृतनापति उपरथी श्री नर बहादुर कडेल, नं. २२ वाहिनीपति सहायक रथी श्री विजय विक्रम खड्का लगायत अन्य अधिकृतहरुको समेत सहभागिता रहेको थियो ।

**नेपाली सैनिक रेडियो कार्यक्रम रेडियो नेपालको केन्द्रीय प्रशारणमार्फत नेपाल अधिराज्यभर र काठमाडौं उपत्यकामा एफ. एम. १०० मेगाहर्जमा प्रत्येक आइतबार राति ८:१५ देखि ८:४५ बजे तथा मेरो एफ. एम. ९३.५ मेघाहर्जमा हरेक हप्ताको सोमबार राति ८ बजेबाट ८:३० बजेसम्म काठमाण्डौं लगायत आसपासका जिल्लाहरुमा र दोलखाको रेडियो सैलुङ्ग सामुदायिक एफ.एम. १०४ मेघाहर्जमा मंगलबार विहान ८:१० देखि ८:४० बजेसम्म सुन्न सक्नु हुनेछ र यदि तपाइँ इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने www.nepalarmy.mil.np मा लगअन गरी संसारको जुनसुकै भागमा बसेर पनि आफूले चाहेको बेला यो कार्यक्रम सुन्न सक्नुहुनेछ ।**

# क्षेत्रीय तहको युनाईटेड नेसन्स् मिलिटरी अर्ब्जभर तालिम समापन

काभ्रेपलाञ्चोक जिल्लाको पाँचखालस्थित श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा संचालन भएको स्वदेशी तथा विदेशी अधिकृतहरु सम्मिलित क्षेत्रीय तहको संयुक्त राष्ट्र संघीय सैनिक पर्यवेक्षक तालिम गत मङ्सिर १७ गते सम्पन्न भयो ।



नेपालमा पहिलो पटक संचालन गरिएको यस तालिममा विभिन्न मित्रराष्ट्रका अधिकृतहरुको सहभागिता रहेको थियो । चीन, बंगलादेश र संयुक्त राज्य अमेरिकाका अधिकृतहरु सम्मिलित उक्त तालिमको श्री सैनिक विनय महानिर्देशक, उपरथी श्री अनिलजंग थापाले तालिम केन्द्रमा आयोजित एक कार्यक्रमका बीच समापन गर्नु भएको थियो ।

उक्त तालिमको दौरान सहभागी अधिकृतहरुलाई राष्ट्र संघको विभिन्न प्रणालीहरु, मानव अधिकार, लैंगिक सचेतना, संवाद तथा सम्झौताका सीपहरुलगायत सैनिक पर्यवेक्षकको हैसियतले सम्पादन गर्नुपर्ने विविध विषयहरुबारे जानकारी गराइएको थियो ।

# तालिम समापन

श्रव्यदृश्य महाशाखापति प्रा.म.से. श्री किरणबाबु थापाले तालिममा सिकेका स्टिल फोटोग्राफी तथा भिडियोग्राफी सम्बन्धी ज्ञानलाई व्यवहारमा लागु गर्दै युनिटस्तरीय क्रियाकलापहरुको समाचार



संप्रेषण गर्न आफ्नो कमाण्डर तथा सैनिक जनसम्पर्क अधिकृतलाई सहयोग गर्न प्रशिक्षार्थीहरुलाई निर्देशन दिनुभएको छ ।

उक्त कुरा सैनिक जनसम्पर्क निर्देशनालयअन्तर्गत श्रव्यदृश्य महाशाखा तश्वीर शाखामा गत मङ्सिर १२ गतेबाट सञ्चालन भएको २ हप्ते स्टिल फोटोग्राफी तथा भिडियोग्राफी तालिमको गत मङ्सिर २४ गते भएको समापनका अवसरमा व्यक्त गर्नुभएको हो । सो अवसरमा उहाँले प्रशिक्षार्थी तथा प्रशिक्षकहरुलाई प्रमाण पत्र तथा प्रशंसा पत्र प्रदान गर्नु भएको थियो । सो तालिममा विभिन्न युनिटका १६ जना शिक्षार्थीहरुको सहभागीता रहेको थियो ।

# यस्तो पनि...



जे परे नि सहनु पर्ने सैनिकले तालिमको बेला
सहनशीलताको परीक्षा लिने यो हो कस्तो कला ?

## नेपाल क्याभलरी बार्षिकोत्सव सम्पन्न

सिंहदरवारस्थित श्री नेपाल क्याभलरीले गत मङ्सिर ७ गते विविध कार्यक्रमको आयोजना गरी आफ्नो स्थापनाको १६२ औं बार्षिकोत्सव मनाएको छ ।

बार्षिकोत्सव मनाउनेक्रममा सि.ओ. प्रमुख सेनानी श्री उत्तम बोगटीले क्वाटर गार्डमा विधिवत पूजाअर्चना गर्नुभई क्याभलरीको रिक्त दरवन्दीमा पदोन्नति भएका पदिक तथा विल्लादारलाई दर्ज्यानी चिन्ह प्रदान गर्नुभयो ।



शिल्ड तथा पुरस्कारको साथमा विजयी खेलाडीहरू ।

यसैगरी सो क्याभलरीले मङ्सिर ११ गते सकलदर्जाका परिवारहरु आमन्त्रण गरी विविध अश्वकला प्रदर्शन, शो जम्प, साइकल दौड, पाहुना खेलको आयोजना गरी विजयी खेलाडीहरुलाई पुरस्कृत गरेको छ ।

## सिद्धिदल गण



गत मङ्सिर १८ गते पश्चिम पृतनापति उपरथी श्री नर बहादूर कडेलको प्रमूख अतिथ्यमा सिद्धिदल गणले आफ्नो सातौं बार्षिकोत्सव मनायो ।

सोही अवसरमा गणपति प्रमुख सेनानी श्री ऋद्धि नरसिंह राणाले धार्मिक परम्परा अनुसार पूजा-अर्चना गरी झण्डोत्तोलन गर्नुका साथै गणको रिक्त दरवन्दिमा पदोन्नति भएका सकल दर्जालाई दर्ज्यानी चिन्ह प्रदान गर्नुभयो । सोही कार्यक्रममा गणपति श्री राणाले बार्षिकोत्सवको अवसरमा आयोजित विभिन्न खेलकूद तथा पेशागत प्रतिस्पर्धामा विजयी हुने टिम तथा खेलाडीलाई पुरस्कार वितरण गर्नुभयो । यस्तै सोही कार्यक्रममा गणपति श्री राणाले गणका सिपाही बुद्धिराम जी.सी.र सिपाही पदम रानाको प्रस्तुति एंवम् शब्द तथा लय संकलन रहेको लोक दोहोरी एल्बम ‘ईच्छा भए उपाय लाउन्न र ?’ नामको सी.डी. लोकार्पण गर्नु भएको थियो ।

## घाइते महिलाको उद्धार

गत मङ्सिर १३ गते लम्जुङ्ग जिल्ला चनौटे ईलाकाको मर्स्याङ्गदी किनारमा दाउरा खोज्न जाँदा विशाल ढुंगाले खुट्टा किचिएकी एक महिलाको उद्धार गरिएको छ ।

घाईते महिलाको श्री रणबम गणबाट खट्टिएको टोलीले प्रहरी र स्थानीय वासिन्दा समेतको सहयोगमा उद्धार गरेको हो । घाईते महिला गोरखा जिल्ला सौरपानी घर भई लम्जुङ्ग वेसीशहरमा ज्याला मजदुरी गर्ने वर्ष २४ की मनमाया गुरुङ्गको भएको सो गणले जनाएको छ ।



ढुङ्गो हटाउन प्रयासरत सैनिक जवानहरू ।

## सैनिक हतियार



**M270 Multiple Rocket lancher**

**MILITARY THOUGHTS**

In war there is no prize for the runner-up.- General Omar Bradley

Never has there been a good war or a bad peace.

–Benjamin Franklin

# प्रधानसेनापति कप खेलकुद प्रतियोगिता २०६७

प्रधान सेनापति ट्रफि खेलकुद प्रतियोगिता २०६७ को गत मङ्सिर १९ गते जङ्गी अड्डा अगाडिको खेल मैदानमा आयोजित एक भव्य समारोहकाबीच प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गले उद्घाटन गर्नुभई खेल शुभारम्भ गर्नुभयो । समारोहमा सहभागी सबै खेलाडीहरुद्वारा मार्चपास प्रस्तुत गरिएको थियो । उद्घाटनका अवसरमा महिला सैनिकहरुको १०० मीटर फाइनल दौड, पुरुष सैनिकहरुको ४ सय मीटर र १५ सय मीटर दौडका प्रथम द्वितीय र तृतीय हुने धावक धाविकाहरुलाई प्रधान सेनापति श्री गुरुङ्गले पदक तथा प्रमाण पत्र प्रदान गर्नुभयो ।



उद्घाटनका क्रममा मार्चपासको सलामी ग्रहण गर्नुहुँदै प्रधान सेनापति











गत मङ्सिर १९ गते भएको महिला सैनिकहरुको १०० मीटर दौडमा मध्यपृतनाकी सिपाही रुपा खड्काले गत सालको १४.३४ सेकेण्डस्को आर्मी रेकर्डलाई तोड्दै १४.२१ सेकेण्डमा दौड पूरा गरेर नयाँ आर्मी रेकर्ड राख्दै प्रथम भएकी छिन्भने सोही दौडमा सर्पोर्टिङ्ग आर्मस्की अमल्दार सुजाता प्रधान र पश्चिम पृतनाकी उपसेनानी शान्ति आचार्य क्रमशः द्वितीय र तृतीय भएका छन् ।



यस्तै ४०० मीटर पुरुष सैनिकहरुको दौडमा विशेष फौजका प्युठ शान्त बुढा प्रथम, पश्चिम पृतनाका सिपाही गजेन्द्र जोशी द्वितीय र सोही पृतनाकै प्युठ मुक्ति खड्का तृतीय हुन सफल भएका छन् । यसैगरी १५०० मीटर दौडमा विशेषफौजका प्युठ हरिकुमार रिमाल प्रथम, विशेष फौजकै प्युठ कल्याण वानियाँ द्वितीय र मध्यपृतनाका सिपाही मोतीलाल चौधरी तृतीय हुन सफल भएकाछन् ।

यसअघि सैनिक विनय महानिर्देशक उपरथी श्री अनिल जंग थापाले स्वागत मन्तव्य दिनुहुँदै खेलको महत्वको बारेमा प्रकाश पार्नुका साथसाथै खेलाडीहरुलाई उत्साही र आत्मविश्वासका साथ विजयी हुन्छु भन्ने आँटले खेल प्रदर्शन गर्न आग्रह गर्नुभयो । साथै उहाँले खेलाडीहरुको लगन, परिश्रम र प्रतिभा प्रदर्शन गर्ने रंगमञ्च यही भएकोले सफलता हासिल गर्ने र नयाँ कितिर्मान कायम गर्ने एकपक्ष हो भने जोकोही खेलाडीका लागि आमदर्शक र जनताको स्यावासी वा तारिफ नै सबैभन्दा सन्तुष्टि दिलाउने र अझ प्रेरित गर्ने तत्व हो भन्नु भयो ।



यसैगरी उहाँले खेलाडीहरुलाई प्रेरित गर्दै यस मैदानमा आफ्नो छाप छाडेर चर्चित खेलाडीका रुपमा परिचत हुन प्रयास गर्नुस् भन्नुहुँदै खेलाडीहरुमा प्रशस्त क्षमता हुने भएकोले फिनिस लाईन मात्र क्रस गरेर सन्तुष्ट हुने हो वा च्याम्पियन टिम हुने हो वा थुप्रैमध्ये एक सहभागी टिम मात्र हुने हो यो कुरा खेलाडीहरुकै हातमा निर्भर रहने उल्लेख गर्नुहुँदै खेलाडीहरुलाई सफलताको शुभकामना दिनुभयो ।

ट्रफि प्रतियोगिता उद्घाटन समारोहमा रक्षासचिव श्री नविन घिमिरे, नेपाली सेनाका रथीवृन्द, अधिकृत, भूतपूर्व प्रधान सेनापतिहरु, राष्ट्रिय खेलकुद परिषद्का पदाधिकारीहरु, नेपाल ओलम्पिक कमिटिका अध्यक्ष तथा महासचिव, नेपालस्थित सैनिक सहचारीहरु, नेपाल प्रहरी तथा.... बाँकी पृष्ठ ७ मा



## नेपाली सेना नभए देश रहँदैन, देश नै नरहे हाम्रो अस्तित्व रहँदैन ।

- गायिका कुन्ती मोक्तान




**सिपाहीः मिठो श्वर र लयको रहस्य के होला जस्तो लाग्छ ?**

कुन्तीः स्वर त मिठै हुनु पर्छ नै तर मेरो विचारमा त्यो स्वरलाई मिठो बनाएर प्रस्तुत गर्न मेहनत नै गर्नुपर्छ भन्ने लाग्छ । त्यसपछि दर्शक श्रोताहरुले मन पराएर "हाम्रो" भनी दिए भने कलाकार अझ प्रोत्साहित हुन्छ र अझ स्वर परिस्कृत हुँदै जान्छ ।

**सिपाहीः तपाईलाई कस्तो गीत बढी मन पर्छ ?**

कुन्तीः यस्तै गीत मनपर्छ भन्ने छैन, मलाई सबै किसिमको गीत मनपर्छ तर त्यो गीतका भावहरु मन छुने र जसले सुने पनि 'आफ्नै' हो भन्ने भाव आउनु पर्छ ।

**सिपाहीः पहिलो गीत कुन हो ?**

कुन्तीः कहिले काँही मलाई पनि हेरी देउ फर्किएर........( भन्ने बोलको गीत नै मेरो पहिलो गीत हो । सन् १९८० मा रेडियो नेपालमा रेकर्ड गरेको ६ महिना पछि यो गीत प्रसारण भएको थियो ।

**सिपाहीः आफ्नो गीत सुन्दा कस्तो लाग्यो ?**

कुन्तीः अचानक आफ्नो गीत सुन्दा खुशीको सिमानै रहेन । ठूलो सफलता मिलेको अनुभव भयो र यो गीत निकै चर्चित पनि रह्यो ।

**सिपाहीः मानिसमा गीत संगीतको महत्व के छ ?**

कुन्तीः सुख र दुःख दुवै मनोदशामा गीतको सर्वोपरी महत्व हुने भएकोले मानिसको हरेकपलमा गीत संगीतको ठूलो महत्व रहेको हुन्छ । त्यसैले गीत र संगीतनै जीवनको संगम हो भन्ने लाग्छ ।

**सिपाहीः गीत संगीतकै झुकावले वरिष्ठ संगीतकार शीलावहादुर मुक्तानसँग भेट जुरेकै हो की अन्य कारणबाट ?**

कुन्तीः हामी दुईजनानै विद्यार्थी थियौं, हाम्रा गुरु जे.सी राई हुनुहुन्थ्यो । संगीत सिक्ने क्रममै हाम्रो भेट भयो र मन पनि मिल्यो ।

**सिपाहीः प्रेम बीज कसरी उम्रियो ? प्रस्ताव चाँही पहिला कसले राख्नु भयो ?**

कुन्तीः दुवैको मन र विचार मिलेर होला, तर प्रस्ताव चाँही गोप्य राखौं हुन्न ।

**सिपाहीः छोरीहरू पनि गाएर चिनिन थालिसकेका छन्, यहाँहरूले गायीका बनाउनु भएको हो की आफैं बनेका हुन् ?**

कुन्तीः कलाकार बनाएर बन्दैन, यो मानिसको गुणमा नै आउनु पर्छ । हाम्रा छोरीहरुको हकमा भने घरको माहोल र वातावरणले पनि प्रभाव पारेको हुनसक्छ ।

**सिपाहीः छोरीहरूले पनि तपाईंहरूकै बाटो हिड्दा कस्तो लाग्छ ?**

कुन्तीः पूर्णरुपमा हिडिसकेका छैनन्, भर्खरै यस दिसातर्फ अग्रसर छन् भन्ने ठानेकी छु । यस क्षेत्रमा सफल हुन चानचुने मेहनेतले पुग्दैन । निरन्तर लागि रहनुपर्छ ।

**सिपाहीः हिजो आज के गर्दै हुनुहुन्छ ?**

कुन्तीः आफ्नै नयाँ पूराना गीतहरु समेटेर मैले ३० वर्ष अघि गाएको पहिलो गीत "कहिले काहीं" गीतकै शिर्षकबाट दुई महिनाजति अघि मेरो १२ औं एल्बमको रुपमा श्रोता माझ ल्याएकी छु । त्यसको प्रोमोशनको लागि प्रयास गरिरहेकी छु ।

**सिपाहीः गीत संगीत कस्तो हुनुपर्छ ?**

कुन्तीः स्वभाविक रुपमा आफु नेपाली भएकीले गीतमा नेपाली पन भएकै मनपर्छ । यसको अर्को राम्रो पक्ष भनेको श्रोताले गीत सुन्दाखेरी यो गीत आफ्नै लागी गाएको भन्ने अनुभूतिमा आउनुपर्छ । तब त्यो गीत संगीत र स्वर सार्थक हुन्छ जस्तो लाग्छ ।

**सिपाहीः शब्दले संगीतलाई प्रभाव पार्छ की संगीतले शब्दलाई ?**

कुन्तीः कसले कसलाई प्रभावभन्दा पनि गीतका सारभूत तत्वहरु शब्द संगीत र स्वर हुन्, यी तीनैवटाको बेजोड मेल हुनुपर्छ । अनि मात्र त्यो गीत सार्थक बन्छ ।

**सिपाहीः ठेट नेपाली पन र शब्द टिपेर बनेका गीतहरूमा तपाईंको स्वर र लय असाध्यै सुहाएको छ नी यस्तो गीत गाउन कतिको गाह्रो हुन्छ ?**

कुन्तीःसबै किसिमको गीत गाउन सजिलो छैन । त्यसका लागि ठूलै मेहनेत गर्नुपर्छ । मेरो कुरा गर्नुहुन्छ भने नेपाली पनमा सृजना भएका गीत नै असाध्यै प्यारा लाग्छन् ।

**सिपाहीः हिजो आज तपाईंकी छोरीहरू सितल र सुवानी के गर्दै छन् ?**

कुन्तीः एम.बी.ए.मा अध्यनरत छन् र गीत संगीतको क्षेत्रमा पनि सक्रिय नै छन् ।

**सिपाहीः "माथि माथि सैलुङ्गेमा चौरी डुलाउनेलाई" गीतले त सवैको मन जित्यो नी यस गीतको सुन्दरता के मा भएजस्तो लाग्छ ?**

कुन्तीः खासगरी यसको सुन्दरता भनेको नेपालीपन नै हो । यसबीच शब्द र संगीतको वेजोड मेल छ र मैले पनि दिल लगाएर स्वर दिएकी छु । यसको सुन्दर पक्ष यहि हो की जस्तो लाग्छ

**सिपाहीः कहाँ सिक्नु भयो यस्तो कला र को बाट पाउनु भयो प्रेरणा ?**

कुन्तीः गाउन शुरु गरेपछि परिवारले उत्साह थपे, मिठो गाउँदी रैछिे भनेर छिमेकीहरुले हौसला दिए, गाउँमा चिच्चाई चिच्चाई गाउँदा सबैले राम्रो गाउँने भनेर तारिफ गरिदिए, गाउँदै जाँदा दर्शक श्रोताहरुको अपार माया पाउँदै गए । उहाँहरु सबै मेरा प्रेरणाका श्रोत हुनुहुन्छ ।

**सिपाहीः नेपाली सेनालाई कसरी हेर्नुहुन्छ ?**

कुन्तीः नेपाली सेना नभए यो देश नै रहँदैन । देश नै नरहे हाम्रो अस्तित्व रहँदैन । तसर्थ देश र सेना भनेका एक अर्काका पुरक हुन्, सेना देशका रक्षक हुन् ।

**सिपाहीः नेपाली सेनालाई केही भन्न चाहनुहुन्छ की ?**

कुन्तीः देश र जनताका लागि सदैव कटिवद्व हुनुहुन्छ सदा झै यहि स्प्रिटलाई कायम राख्नुहोस् । देश अहिले अत्यन्त अप्ठेरो अवस्थामा छ । त्यसैले तपाईंहरुको दरिलो साथ चाहिन्छ । साथ साथै नेपाली सैनिक दाजुभाइ तथा दिदीबहिनीहरु देश विदेशमा जाँदा नेपाली गीति क्यासेटहरु लगेर असाध्यै सुनेर माया गरीदिनु हुन्छ रे भनेको सुनेकी छु । तपाइँहरुले नेपाली गीत, संगीत र कलाकारलाई र अन्ततः नेपालीपनलाई सम्मान गर्नुभएको हो भन्ने मैले सम्झेकी छु बुझेकी छु । अर्को दुष्टिकोणले भन्ने हो भने सैनिक सेवाको साथ साथै आफ्नो भाषा संगीत र कलाको पनि सेवा गर्नुभएको हो भन्ने मेरो बुझाई छ । त्यसैले सैनिक दाजुभाइ तथा दिदीबहिनीहरुको यस्तै अपार माया पाईरहुँ भन्ने अपेक्षा छ ।



## मेरो बरख गण

ह. टेकराज गौली
श्री बरख गण
तेघरी व्यारेक कैलाली


जय शिव शंकरम् आर्दश वाक्य बोकी
यही वाक्यले बरख गणको शीर उचाल्ने होकी
आर्मीबाट आउँछ आदेश, गर्छ बरख गणले
काम फत्ते गर्छ , दिल चित्त मनले

एक हातमा निशान, अर्को हातमा राष्ट्र झण्डा
अरु कुनै स्वार्थ छैन, राष्ट्रभक्ति भन्दा
देशजनताको सेवा यही हो हाम्रो काम
किर्ति फैलाई उँचो बनाउछौ यो देशको नाम

टेक्दैन घूडा बैरीको सामु यो गणले कहिल्यै
तालिम ट्रेनिङ कसि कसाउ गर्छ बरखले पहिल्यै
सहनसिलता,धैर्य,अनुशासन, यो गणको मेन
लम्जुङ्गको मकैडाँडा लडाई लडेको यो गणको देन

गर्छौ काम सबैजना मिली गर्दैनौ भेदभाव
आदर सम्मान गर्छौं है सवलाई मानेर सद्भाव
दुखेको घाउमा क्रमश अव, लगाउँछ मलम
सदैव गर्छ यो गणले हेर, वीर पुर्खालाई सलाम ।

## राष्ट्र सेवक



ह. राजन बोहोरा
श्री भिमदल गण

जन्म लिएर मातृभूमिको काखमा
राष्ट्रको सेवक बनेकै छौं बम गोलाको साथमा
छुट्ने छैन हतियारसँधै यो हाम्रो हातमा
रक्षक भएर नै बाँच्छौं सँधै जनताको माझमा

राष्ट्रको जिम्मेवारी छ हाम्रो काँधमा
वैरीलाई पराजय गर्ने विश्वास छ साथमा
सारा खुशी त्यागी सक्यौं स्वार्थ छैन मनमा
वैरीलाई नष्ट गर्ने छ है रहर प्रणमा

कर्तव्य पथमा लम्किरहने छौ सँधै
ती वीर योद्धाले देखाएको बाटो हुँदै
एकमुठी सास रहेसम्म बलिदान दिनेछौं सँधै
शान्ति ल्याउन बढ्नेछौ एकताको प्रतिक हुँदै

पुर्खाको इतिहासलाई निरन्तरता दिने हाम्रो काम
विदेश जान्छौं शान्ति कायम गर्न छुट्टै हुन्छ मान
सुनौला अक्षरले लेख्ने छौंयो देशको नाम
नेपाली सेना देशको गहना हो हाम्रो शान

## फूल जस्ती

पवन कोईराला
श्री गुरुबक्स गुल्म

फूलजस्ती तिमीलाई भनुभने सुवास तिम्रो चोरी देलान
जुनजस्ती तिमीलाई भनुभने धर्तीमा डाहा गरिदेलान
नजिक तिम्रो वरिपरि पवित्र मायाको वासना छ
बादलु जस्तै केश भित्र मनमेरो लुकाई राखेको छ
सरगमको धुनजस्तो भनु भने लठ्ठै भएर सुनि देलान
चाल त्यो तिम्रो संगीतले मयुर डाँफे नाँची देलान
हरेक दिन बिहानी तिमीलाई देखेर हाँसेको छ
नसालु आँखाले सवैलाई नशा लगाई दिएको छ
स्वास तिमीले छाडी दिदा सुगन्धित भई हावा बहन्छ
त्यही हावामा जगतका प्राणीका जीवन रहन्छ
आकाश धर्ती प्रकृति तिमी हुँदा त सुन्दर छ
तिमी विनाको यो संसार अशान्त र नैराश्य छ

## राख्देउ मान जागिरको

व्यङ्ग्य-विनोद

हु रामभक्त मरासैनी
श्री वराहदल गुल्म
खाँदबारी संखुवासभा

हुने खाने रै छन् धेरै पढे लेख्या अझै बढी
तीनैले लाउँछन् फुर्ति जागिर खादै क्याम्पस पढी
जागिर मिठो छैन भनी पत्रिकामा छपाउँछन्
हामी जस्ता सिपाहीको पुर्पुरो नै तताउँछन्
तपाइँहरुलाई यौटा सानो सुझाब तथा बिन्ती गर्छु
गल्ति यदि मेरो भए नजरैमा परे पर्छु

सिपाहीमा जागिर खान आयौं खेल्दै लडिबुडी
एक सयको भर्ना खुल्दा हजारौंको लुछाचुंडी
कति जोड्यौ हात तिम्ले कति रुन्चे मुख लायौ
धन्नै भाग्य ठूलै रैछ हुलमुलमै जागीर खायौ
भनिनौ नि कहिल्यै केहिमा अरुभन्दा अघि सर्छु
ढाट्छल गर्दै भन्ने गर्थ्यौ नजरैमा परे पर्छु

जसो तसो भयौ भर्ना तालिम तिम्रो भयो सुरु
नबक्साको दिनै छैन कयौं गारोमा धुरुधुरु
सँधैं गाल तिम्ले पार्ने सजायमा सबै साथी
शुक्रबारे को छ भन्दा तिम्रो हात सँधै माथी
साथी सबलाई फसाएर आफु भन्थ्यौ पारी तर्छु
बालै छैन भन्ने गर्थ्यौ नजरैमा परे पर्छु

दुई घण्टाको ड्युटीमा तिम्रो सँधै आँखा बन्द
ढाट्न, छल्न,रुन घामट तिमी अघी सबैभन्दा
यसैगरि दिन बिते फौजी (सैन्य) तालिम गर्दै तिम्रा
आयो बेला पास आउटको रोज्न थाल्यौ युनिट राम्रा
स्वार्थी बढी मान्दिनौ नी त्याग गर्न अघि सर्छु
पाएँ जागीर थाई भन्थ्यौ नजरैमा परे पर्छु

१०-४ को जागीर पायौ अरु तिम्लाई के नै चाहियो
हाकिमलाई बक्साई क्याम्पस पनि पढ्न पाइयो
क्याम्पसको पढाई न हो अरुले जाँच दिए हुने
आफ्नै नाममा सर्टिफिकेट पाएपछि कस्ले छुने
आइए.बिए पास भन्छ्यौ डिग्री भर्ना गर्छु
पढ्या लेख्या मै हुँ भन्छ्यौ नजरैमा परे पर्छु

देख्न थाल्यौ जागिर सानो सर्टिफिकेट ठूलो भनि
कस्ति थियौ हिजो तिमी हेर्दिनौ र ऐना पनि
के नै छ र बाहिर नि तिम्रा लागि जागिर खान
सर्टिफिकेट मात्रै न हो छैन कुनै ज्ञान मान
यो जागीरको राख्देउ मान दुई हात जोडी बिन्ती गर्छु
मेरो भन्नु यति नै हो नजरैमा परे पर्छु

## पाँच हाइकु

हु.बिष्णु भारती
श्री रणबम गण
हाल शिक्षण पक्ष, छाउनी

पल्टन सर्दै
मंसिरको महिना
हँसिलो सिपाही

मिलेन विदा
कसरी आउने म,
नरुनु तिमी

पर्खेर बस
मिलनका ती क्षण
दुबैको खुशी

जवानी हाम्रो
जाँदैन पोखिएर
मन् बाँधौला

देशको रक्षा
सिपाहीको काँधमा
निश्वार्थ त्याग

## स्वेदशको माया

सि. कृष्ण गरुङ्ग
श्री सिंहनाथ गण
सुन्दरीजल गठ्ठाघर

जन्मेर आए सम्झेर भूमि यो आँट बोकेर
आँटको साथ मायाको भाग हिड्दिन लुकेर
गरौं है सेवा यी राष्ट्र सम्झी भावना वुझेर
उम्केर नजाओस यी मातृभूमि वैरीले खोसेर
सहिद वन यी देशको लागि रगत बगाई
गाएर हिड्नु वहादुरी गाथा शिरमा लगाई
गरौं है साथी पसिना पुछ्दै पुर्खालाई सम्झेर
गरेर देखाउ यी देशलाई बचाउँ अगाडी वढेर

## प्रण गर

हु.क. राजकुमार तामाङ्ग
संभाररथी बिभाग (प्राप्ती)

मातृभूमी जोगाउँन यो ज्यान हरपल तयार छ
नेपाली भै नेपालको रक्षा गर्न आतुर छ
मन र वचनले नेपाल आमा हसाउँछ
शत्रु बैरी दुश्मनलाई जडैबाट कटाउँछ

सक्छौ भने यो देशलाई उठाउँने प्रण गर
हैन भने के धाक, तिम्रो मान पशु सरह
कुरा हैन काम गर, अनि मिल्छ मिठो फल
जहाँ जाउ सहयोगी हात पाउँछ ठूलो बल

आउ आउ तिमी आउ राखी स्वच्छ मनले
भरोसा देउ त्यही ठूलो के गर्छ र नाथे धनले
देशलाई जोगाउन सँधै तिमी अघि बढ्नु
कर्तव्य यो आफ्नो ठानी बैरीसँग तिमी लड्नु

मरी जाने चोला हाम्रो किन सोच्ने स्वार्थ लुकाई
देश स्वाभिमान खातिर ज्यान देउ छाती फुकाई
तिम्रो त्यो बलिदानी जादैन है त्यसै खेर
करोडौ अनुयायी जन्मनेछन् तिमी हेर

तिमी आउ हात देउ, दुईबाट चार हुन्छ
देश बनाउनलाई काफी अनि अपार हुन्छ
सुन्दर यो मातृभूमी स्वच्छ अनि स्वतन्त्र
यस्तै ईच्छा आकांक्षा आओस् हे भगवान अनन्त

## हाँसौ ल

एकजना टेलिभिजन ब्यापारी टेलिभिजन किन्दा दुरविन सित्तैमा भन्दै कराउदै आफ्नो टेलिभिजन बेचिरहेको थियो ।
ब्यापारी- ल आउनुस हजुर टेलिभिजन किन्दा दुरविन सित्तैमा
ग्राहक- अहो दाइ, टेलिभिजन किन्दा दुरविन सित्तैमा
ब्यापारी- हो भाइ हो,
ग्राहक- अनि दाइ यो टेलिभिजन किन्दा दुरविन चाँही किन सित्तैमा ?
ब्यापारी- भाइ यो टेलिभिजन केहीगरी बिग्रिहाल्यो भने यो दुरविनको सहायताले अरुको घरको टेलिभिजन हेर्न ।

### लेख रचना आव्हान

यस सिपाही पाक्षिक पत्रिकामा तपाइँका लेख रचनाका साथै कुनै सल्लाह सुझाव भएमा सिपाही पाक्षिक पत्रिका , श्री सैनिक जनसम्पर्क निर्देशनालय, प्रचार प्रसार शाखामा पत्राचार गर्नसक्नुहुनेछ । साथै यस ईमेल ठेगाना
sipahipatrika@gmail.com
मा मेल पनि गर्न सक्नु हुनेछ ।

## समर्पित देवीबक्स गुल्म

हुद्दा रेशमराज अधिकारी
श्री देवीबक्स गुल्म

२०५९ साल चैत्रमा भयो जन्म
देवीबक्स गुल्मको गर्छौं असल कर्म
स्थापना कालमै धेरै चर्चा पाएको
लक्ष्यलिई सुरक्षाको सुदुर पश्चिम आएको

भवानीको आशिर्वाद देबीबक्सको शक्ति
मातृभूमि नेपालको गर्छौं सँधै भक्ति
यो देशकै सेवाखातिर सँधै अघि सर्नेछौं
देवीबक्सको कशम खाई देशको सेवा गर्नेछौ

देशको सेवा गर्ने हामी नेपालको सेना
जंगी अड्डाको निर्देशनमा देवीबक्सको देन
फत्ते गर्छौं जिम्मा हाम्रो बहादुरी देखाउदै
देशको सेवा गर्छौं हामी जन्मभूमिमा रमाउँदै

यो देश र जनताको कुभलो गर्नेलाई
छोड्ने छैनौ हामीले देशको शत्रु जतिलाई
राष्ट्रमा संकट परेमा रगत बगाउँछौं
वीर हाम्रो पुर्खालाई सलामी टक्र्याउँछौं

## पल्टन जाने छोरा

अमः पुर्ण बहादुर डिसुवा मगर
श्री अर्जुनबाण गण


गर्विलो छ दरिलो छ पल्टन जाने छोरा
निर्धक्क छ, निडर छ कातर कहाँ हो र ?
हुर्कायौ छोरा, सुख र दुःख जेनतेन गरेर
नबस घर, जाउ छोरा पल्टन नौ डांडा काटेर
सत्य र सेवा, भाव राख छोरा भगवानले देख्नेछन्
रोएर नजाउ, आँशुले तिम्रो मुल बाटो छेक्नेछन्
देशकै छोरा, पल्टनको जागिर छुट्टिमा घर आउने
राष्ट्र र जनता, सेवाको लागि दिनरात धाउने
गर्भमा लियौ, काखमा हुर्क्यौ देश जिम्मा लिएर
साहस कहिल्यै, नहार्नु, छोरा अमृत दुध पिएर
खा को छौ छोरा, दश धारा दुध छ तिम्रो तागत
माटोले मागे, निर्धक्क साथ देउ छोरा रगत
अमृत दुध पिएर छोरा नहार्नु साहस
दुधको ईज्जत, जाने भो भने छाडि देउ गाँसवाँस
ईज्जत छ तिम्रो, पल्टनको शान राष्ट्रको भेषलाई
राष्ट्रले मागे,ज्यान वलिदान चढाउँनु देशलाई
आमा छ घरमा, निशानको भरमा नपर्नु पछाडि
हिक्मत हारी, नजानु युद्ध दुश्मनको अगाडि
देशको मुहार फेर्ने जिम्मा छ तिम्रो काँधमा
सयपत्री माला, उनेर तिमीलाई स्वागत छ घरमा ॥

## असन्तोषी जीवन



हु.क कृष्ण मुरारी पुडासैनी
श्री सैनिक अभिलेखालय

नेपाली सेनामा खाँए जागिर
सार्वभौमसत्ता अखण्डताको खातिर
रणकौशल वढाउन खेल्छु सँधै परेड
चौडा छाती उच्च शिर राखी
राख्दै शाने उठ्छौ हामी माथि
देशको रक्षा हाम्रो धर्म
यही मुलमन्त्र
राष्ट्रहित हाम्रो कर्म
सेनाको यही हो सत् मर्म
होशियार वैरीहरु
जागै छौ हामी
नसोच्नु कहिल्यै कमजोर
शौर्यवान छौ
राख्छौ देश थामी ।




सम्माननीय प्रधानमन्त्री, प्रधान सेनापति, रथीवृन्द, अधिकृत र नवआयुक्त अधिकृतहरु।



सि.सं ४० पदिक तथा हुद्धा क्योडेट इज्जत अर्पण कवाज प्रदर्शनका क्रममा

## उपरथी दर्जामा पदोन्नति

सहायक रथी श्री प्रदिप विक्रम राणा गत मङ्सिर १४ गतेको मितिबाट उपरथी दर्जामा पदोन्नति हुनुभएको छ।



प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरूङ्गले गत मङ्सिर २० गते जङ्गी अड्डामा आयोजित एक कार्यक्रमकाबीच उहाँलाई उपरथी दर्जाको दर्ज्यानी चिन्ह लगाई दिनु भयो। उहाँलाई श्री राष्ट्रिय सुरक्षा परिषद् सचिवालयको सह-संयोजकमा नियुक्त गरिएको छ।

## महा-सेनानी श्री राजु नेपालीद्वारा प्रस्तुति

गत मंसिर २३ गते, काठमाण्डौस्थित अमेरिकी राजदुतावासले 16 days of Activism Against Gender Violence सम्बन्धी कार्यक्रम सञ्चालन गरेको छ।

उक्त अवसरमा नेपाली सेनाकोतर्फबाट मानव अधिकार निर्देशनालयका सह-निर्देशक महा-सेनानी श्री राजु नेपालीले Role of security sector and Civil society in the Implemention of UNSCR Resoulations 1325 & 1820 को प्रस्तुतिकरण गर्नुभएको थियो।

## श्री गोरखबहादुर गणद्वारा उद्धार

श्री गोरखबहादुर गणअन्तर्गत दुधौरा पोष्टबाट गएको एकटोलीले गत मङ्सिर १६ गते राप्ती नदीमा दुर्घटना भएको डुङ्गाबाट २ जना विदेशी पर्यटकसहित ६ जनाको उद्धार गरेको छ। सौराहबाट घटगाईतर्फ जाने क्रममा सो डुङ्गा दुर्घटना भएको थियो।

## दृष्टिविहीन सेनानी श्री पवन घिमिरे सम्मानित

नेपाली सेनाका दृष्टिविहीन अधिकृत सेनानी श्री पवन घिमिरे 'चन्द्रकुमार भट्टराई अपाङ्ग पुरस्कार २०६७' बाट सम्मानित हुनु भएको छ।नेपाल दृष्टिविहीन क्रिकेट संघमा आवद्धरहि नेपालमा दृष्टिविहीनहरुको क्रिकेटको शुरुवात गरी छोटो समयमै ३ सयभन्दा बढी खेलाडीहरु उत्पादन गर्न सफल भएवापत उहाँलाई यो सम्मान गरिएको हो। राष्ट्रिय अपाङ्ग दिवसको अवसर पारेर समाज कल्याण परिषद्ले गत मङ्सिर १७ गते प्रदान गरिएको सो पुरस्कार संविधान सभाकी उपाध्यक्ष पूर्णकुमारी सुवेदीले हस्तान्तरण गर्नुभएको थियो। सो पुरस्कारमा नगद रु ५ हजार तथा सम्मान पत्र रहेको छ।

# प्रधानसेनापति कप खेलकुद.......

सशस्त्र प्रहरीका महानिरीक्षकहरु, सैनिक श्रीमती संघकी अध्यक्ष तथा पदाधिकारीहरु लगायत उपत्यकाभित्रका सैनिक तथा खेलाडीहरुको ठूलो संख्यामा उपस्थिति रहेको थियो।

मानव जीवनमा खेलको अत्यन्त ठूलो महत्व रहेको छ। खेलले मानिसलाई शारीरिक तथा मानसिक रुपमा स्वस्थ राख्नुको साथसाथै मनोरञ्जन समेत प्रदान गर्ने भएकोले सैनिक जीवनमा खेल अझै महत्वपूर्ण साबित भएको छ। खेलले निश्पक्षता, स्वच्छता जुझारुपन, आक्रमक, समुहगत भावनाको साथ साथै बिजयको उन्माद र पराजयको पीडालाई समेत सन्तुलन राख्न समेत मद्धत गर्ने भएकोले एउटा कुसल योद्धाका लागि खेल अपरिहार्य रहेको छ। सोही लक्षलाई हाँसिल गर्न नेपाली सेनाले खेलकुदको विकास गरी योग्यतम सैनिक उत्पादनको साथ साथै राष्ट्रीय तथा अन्तराष्ट्रियस्तरको खेलाडी उत्पादन गर्ने समेत लक्ष्य लिएको छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा नेपाली सेना र राष्ट्रको कीर्ति फैलाउने उदेश्यले २०६५ सालबाट प्रधानसेनापति ट्रफी संचालन गर्न थालिएको हो।

नेपाली सेनाका ६ वटा पृतना, मद्दती फौज र विशेष फौज गरी जम्मा ८ वटा टिमको सहभागिता रहेको यस प्रतियोगितामा फुटवल, भलिबल, बास्केटबल र एथलेटिक्स गरी जम्मा चार विधाहरु समावेश गरिने छ। साथै प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने टिमलाई सेना दिवसको अवसरमा "प्रधानसेनापति ट्रफि" प्रदान गरिने छ।

विगतमा फुटवल भलिवल बास्केटबल र यथलेटिक्स प्रतियोगिता मात्र संचालन गरिएकोमा यस वर्षबाट उक्त चार खेलको अतिरिक्त बक्सिङ्ग र ताईकण्डो खेललाई प्रदर्शन खेलको रुपमा समावेश गरिएको छभने आगामी वर्षबाट यी दुई खेललाई पनि प्रतियोगितामा समावेश गर्ने लक्ष्य लिईएको छ

यसैक्रममा, १० हजार मिटर पुरुष फाईनल दौडमा विशेष फौजका प्युठ हरी कुमार रिमाल प्रथम, विशेष फौजकै प्युठ कल्याण बानियाँ द्वितीय र श्री मध्य पृतनाका अम राजकुमार विष्टले तृतीय स्थान ओगट्न सफल भएका छन।

त्यसैगरि सोही दिन सम्पन्न पुरुष शटपुट फाइनल खेलमा श्री उपत्यका पृतनाका हुद्धा बमबहादुर गुरुङ्ग प्रथम श्री सुदुर पश्चिम पृतनाका हुद्धा सुरेन्द्र बहादुर साउद द्वितीय हुनुभएको छ भने श्री मद्दती फौजका गुल्म कार्य हुद्धा मुनिन्द्र श्रेष्ठले तृतीय स्थान ओगट्न सफल भएका छन।

पुरुष लङ्ग जम्प फाईनल खेलमा ६ दशमलव ६१ मिटरको **आर्मी रेकर्डलाई उछिनेर ६ दशमलव ६५ मिटर जम्प गरी श्री मध्य पश्चिम पृतनाका प्युठ डिल्ली खत्री प्रथम हुनुका साथै नयाँ आर्मी रेकर्ड राख्न सफल हुनुभएको छ** भने श्री मध्य पृतनाका अम बाबुराम महतो द्वितीय हुनुभएको छ त्यसैगरी श्री पश्चिम पृतनाका हुद्धा रामकृष्ण श्रेष्ठ तृतीय भएका छन।

पुरुष हाईजम्प फाईनल खेलमा वि.सं २०५० सालमा श्री नयाँ गोरख गणका जमदार लोक बहादुर अधिकारीले १ दशमलव ८८ मिटर जम्प कायम गरेको **आर्मी किर्तिमानीलाई तोड्दै श्री पश्चिम पृतनाका प्युठ सुर्य बहादुर खत्रीले १ दशमलव ९५ मिटर जम्प गरी नयाँ आर्मी किर्तिमान कायम राखि प्रथम हुनु भएको छ।** त्यसैगरी श्री मध्य पृतनाका सिपाही सन्तोष रम्तेल द्वितीय र मध्य पृतनाकै अमल्दार दीपेन्द्र चौधरी तृतीय भएका छन। सोही दिन सम्पन्न पुरुष डीसकस थ्रो फाईनल खेलमा श्री मध्य पृतनाका गुल्म कार्य हुद्धा तारा बहादुर कार्की प्रथम, विशेष फौजका अमल्दार विष्णु कुँवर द्वितीय र श्री उपत्यका पृतनाका अमल्दार राजेन्द्र बहादुर बस्नेत तृतीय स्थान ओगट्न सफल भएका छन।

१०० मीटर पुरुष फाईनल खेलमा श्री उपत्यका पृतनाका सिपाही मीन बहादुर चौधरी प्रथम, श्री पूर्वी पृतनाका प्युठ कृष्ण महतो द्वितीय र श्री मध्य पृतनाका अमल्दार पुर्ण गौतम तृतीय भएका छन।

सोही दिन सम्पन्न ११० मिटर पुरुष हर्डल्स फाईनल खेलमा श्री पूर्वी पृतनाका प्युठ योगेन्द्र लामा प्रथम, पूर्वी पृतनाकै सिपाही विशेष महतो द्वितीय र विशेष फौजका सिपाही ईश्वर खत्री तृतीय भएका छन।

त्यसैगरी ५००० मिटर पुरुष फाईनल खेलमा विशेष फौजका प्युठ कल्याण बानियाँ प्रथम,विशेष फौजकै प्युठ हरी कुमार रिमाल द्वितीय र श्री मध्य पृतनाका अमल्दार राज कुमार विष्ट तृतीय भएका छन।

त्यसैगरी सोही दिन सम्पन्न पुरुष हेम्वर थ्रो फाईनल खेलमा श्री मध्य पश्चिम पृतनाका प्युठ महेश सिंह कार्की प्रथम, श्री मध्य पृतनाका सिपाही सुर्यमान लामा द्वितीय र मध्यपश्चिम पृतनाका प्युठ द्रोण थापा तृतीय भएका छन।

त्यसैगरी १०० गुणा ४ मिटर पुरुष रिले फाईनल दौडमा श्री मध्य पृतनाको समूह प्रथम, श्री उपत्यका पृतनाको समुह द्वितीय र श्री सुदुर पश्चिम पृतनाको समूह तृतीय भएका छन।

पुरुष ट्रीपल जम्प फाईनल खेलमा श्री मध्य पश्चिम पृतनाका प्युठ डिल्ली खत्री प्रथम, मद्दती फौजका गनर दिनेश चौधरी द्वितीय र विशेष फौजका हुद्धा भविन्द्र गिरी तृतीय भएका छन।

त्यसैगरी ४०० मीटर पुरुष हडल्स फाईनल खेलमा पूर्वी पृतनाका प्युठ पदम कार्की प्रथम, पश्चिम पृतनाका सिपाही चन्द्र बहादुर शाही द्वितीय र सुदुर पश्चिम पृतनाका अमल्दार कालीराम चौधरी तृतीय भएका छन।

सोही दिन सम्पन्न ४०० मिटर दौड महिला फाइनल खेलमा मद्दती फौजका अमल्दार सुजता प्रधान प्रथम, मध्य पृतनाका सिपाही रुपा खड्का द्वितीय र पश्चिम पृतनाका उप-सेनानी शान्ति आचार्य तृतीय हुनुभएको छ।

त्यसैगरी ज्याभ्लीन थ्रो पुरुष फाईनल खेलमा मद्दती फौजका प्युठ धिरेन जङ्ग शाह प्रथम, मध्य पृतनाका हुद्धा बुद्धिराम थनेत द्वितीय र पूर्वी पृतनाका प्युठ कृष्ण महतो तृतीय भएका छन। यसैगरी २०० मीटर पुरुष दौडमा पश्चिम पृतनाका सिपाही हिमाल के.सी. प्रथम, उपत्यका पृतनाका अमल्दार जागुराम चौधरी द्वितीय र पश्चिम पृतनाका अमल्दार वीरेन्द्र कुमार चौधरी तृतीय भएका छन्।

यस्तै १५ सय मीटर महिला दौडमा मध्यपृतनाकी सिपाही रुपा खड्का प्रथम, मद्दती फौजकी अम सुजता प्रधान द्वितीय र मध्य पृतनाकी सिपाही शान्ता वस्यौला तृतीय भएका छन्। यस्तै ४०० गुणा ४ मीटर पुरुष रिलेदौडमा विशेष फौजको समूह प्रथम, पश्चिम पृतनाको समूह द्वितीय र उपत्यका पृतनाको समूह तृतीय भएका छन्।

यस्तै म्याराथन दौडमा मध्यपश्चिम पृतनाका जमदार अर्जुन बस्नेत प्रथम, विशेष फौजका सिपाही रामकुमार खत्री द्वितीय, उपत्यका पृतनाका अमल्दार पूर्णबहादुर तामाङ्ग तृतीय भएका छन्। यस्तै ८०० मीटर पुरुष दोडमा विशेष फौजका प्युठ शन्तबहादुर बुढा प्रथम, मध्य पृतनाका सिपाही मोतीलाल चौधरी द्वितीय र मध्य पृतनाका प्युठ केशब भट्ट तृतीय भएकाछन्।



बलाध्यक्ष रथी श्री तोरण जंग बहादुर सिंह एथ्लेटिक्स प्रतिष्पर्धाका विजयी टिम तथा खेलाडीहरूलाई पुरस्कार प्रदान गरेपछि विजयी खेलाडीसहित सामूहिक तस्वीरमा, इन्सेटमा शिल्ड प्रदान गर्नुहुँदै बलाध्यक्ष

प्रधान सेनापति ट्रफि प्रतियोगिता २०६७ अन्तर्गतको

## एथ्लेटिक्स प्रतिष्पर्धा सम्पन्न

बलाध्यक्ष रथी श्री तोरण जंग बहादुर सिंहले गत मङ्सिर २७ गते जङ्गी अड्डा खेल मैदानमा 'प्रधान सेनापति ट्रफि खेलकुद प्रतियोगिता २०६७' अन्तर्गतका एथ्लेटिक्स प्रतिष्पर्धाका विजयी टिम तथा खेलाडीहरुलाई एककार्यक्रमकाबीच ट्रफि, पदक, प्रमाण पत्र तथा नगद पुरस्कार प्रदान गर्नुभएको छ ।

गत मङ्सिर १९ गतेबाट जङ्गी अड्डामा सञ्चालन भैरहेको एथ्लेटिक्सको प्रतिष्पर्धाहरु सकिदासम्म मध्यपृतना हे.क्वा. पहिलो स्थानमा रहेको छभने विशेष फौज दोस्रो, उपत्यका पृतना तेस्रो, मद्दती फौज चौथो, पश्चिम पृतना पाँचौ, पूर्वी पृतना छैठौं, मध्यपश्चिम पृतना सातौ र सुदुर पश्चिम पृतना आठौं स्थानमा रहेका छन् । साथै प्रतियोगितामा समावेश रहेको फुटबल, भलिबल, बास्केटबलका प्रतिष्पर्धाहरु भैरहेका छन् ।

## उपत्यका पृतना हे.क्वा. को निरीक्षण

गत मङ्सिर १३ गते बलाधिकृत रथी श्री पवनजंग थापाले उपत्यका पृतना हे.क्वाको निरीक्षण गर्नुभएको छ ।

निरीक्षणको क्रममा उपत्यका पृतनापति उपरथी श्री दमन बहादुर घलेले बस्तुस्थिति सम्वन्धी





विश्लेषण सहितको प्रतिवेदन गर्नुभएको थियो भने व्रिफिङ्ग पश्चात् बलाधिकृत रथी श्री पवनजंग थापाले विशेष सुरक्षा बलको कार्यालयसहित नारायणहिटी व्यारेक परिसरको इलाका निरीक्षण गर्नुभइ नारायणहिटी व्यारेक परिसरमा तैनाथ पृतना हे.क्वा तथा युनिटका सकल दर्जालाई सम्वोधन गर्नुभएको थियो । सम्वोधनका क्रममा वर्तमान परिस्थितिमा सकलदर्जा उच्चअनुशासनका साथ एक ढिक्काभई आफ्नो जिम्मेवारीवहन गर्न निर्देशन दिनुभएको थियो।

## जगदल गणको बार्षिकोत्सवको उपलक्ष्यमा खेलकूद प्रतियोगिता सम्पन्न

छाउनीस्थित श्री जगदल गणले आफ्नो स्थापनाको १६२ औं बार्षिकोत्सव मनाउनेक्रममा गत मङ्सिर ३ गतेबाट १७ गतेसम्म अन्तरव्याट्री खेलकुद प्रतियोगिताको आयोजना गर्‍यो ।



सो अवसरमा हवाई सुरक्षा निर्देशनालयका निमित्त निर्देशक महासेनानी श्री प्रदीपकुमार अधिकारीले विभिन्न व्याट्री तथा विविध विधाका विजयी खेलाडीहरुलाई शिल्ड तथा पुरस्कार प्रदान गर्नु भयो । उक्त प्रतियोगितामा नं. २ लाईट व्याट्री प्रथम हुन सफल भएको थियो ।

## पिस किपिङ्ग अपरेशन कन्टिन्जेन्ट कमाण्डर कोर्ष प्रारम्भ

संयुक्त राष्ट्रसंघीय शान्ति सेनाको हैसियतले अन्तर्राष्ट्रिय शान्ति स्थापनामा देखिएका वर्तमान चुनौतिहरुलाई सामाना गरी शान्ति स्थापना कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले गत मङ्सिर १९ गतेबाट क्षेत्रीयस्तरको पिस किपिङ्ग अपरेशन कन्टिन्जेन्ट कमाण्डर कोर्ष सञ्चालन भएको छ ।

काठमाण्डौस्थित याक एण्ड यति होटलमा सञ्चालन भएको उक्त कोर्शको सैनिक विनय महानिर्देशक उपरथी श्री अनिल जंग  थापाले कोर्शको महत्वबारे प्रकाश पार्नु हुँदै प्रथम प्रवचन दिनुभई कोर्श सुभारम्भ गर्नु भयो । सो क्रममा उहाँले संयुक्त राष्ट्र संघीय फौजमा खासगरि कन्टिन्जेन्ट कमाण्डरको भूमिका चुनौतीपूर्ण हुने भएकोले यही चुनौतीको सामना गर्न यस प्रकारको तालिमको आयोजना गरिएको बताउँनुहुँदै यस परिप्रेक्ष्यमा विभिन्न देशका अनुभवी अधिकृतहरुको अनुभवको आदान प्रदानको साथसाथै विषयगत अन्तर्राष्ट्रिय विज्ञ प्रशिक्षकहरुद्वारा भावी चुनौतीको सामना गर्ने क्षमताको विकास गराउने लक्ष्य रहेको समेत बताउनु भयो । यसैगरी उहाँले वहुराष्ट्रिय सेनामा धेरै देशका कन्टिन्जेन्ट सहभागी हुने भएकोले कन्टिन्जेन्ट कमाण्डरको भूमिका स्वभाविकरुपमा कठिन हुने भएकाले यस तालिम स्वतः महत्वपूर्ण रहेको छ भन्नु हुँदै सामान्यतः यस तालिममा शान्ति स्थापना सम्बन्धी नै ज्ञान दिइने र खासगरी कन्टिन्जेन्ट कमाण्डरको भूमिकामा केन्द्रित रहँदै भावी जिम्मेवारीवहन गर्नक्ने क्षमता अभिवृद्धि गराउन यस तालिम फलदायी हुने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा शान्ति सेना संचालन निर्देशक सहायक रथी श्री श्याम बहादुर था.म.ले स्वागत मन्तव्य दिनुहुँदै विगत केही वर्षयता शान्ति स्थापना कार्यमा यसपूर्व कहिल्यै नघटेका नयाँनयाँ चुनौतीहरुको सामना गर्न परिरहेको र कार्यगतरुपमा निरन्तर नौलो ढङ्गले परिस्थितिहरु विकसित भइरहेकाले ती जटिल चुनौतीहरु र राजनीतिक यथार्थहरुको निवारण गर्न आफ्नै फौजसहित तैनाथ हुन कन्टिन्जेट कमाण्डरले द्वन्द्वको जटिलतालाई राम्ररी बुझ्नु पर्ने बताउनु भयो । साथै उहाँले कन्टिजेन्ट कमाण्डरको वहुआयमिक भूमिकाको बारेमा प्रकाश पार्नुहुँदै खासगरी कन्टिन्जेन्ट कमाण्डरले



तालिमका प्रशिक्षक तथा प्रशिक्षार्थीहरूसँग सैनिक विनय महानिर्देशक ।

अप्रेशन लगायत व्यवस्थापकीय चुनौतीलाई समेत ध्यान दिदै मिशनसम्बन्धी ज्ञान, म्यान्डेट र भईरहेको शान्ति प्रकृयाको बारेमा अद्यावधिक हुनुपर्ने भएकाले यस तालिमले ती बस्तुगत उपलब्धी हासिल गर्न मद्दत पुर्‍याउने कुरामा आफु विश्वस्त रहेको समेत बताउनु भयो ।

नेपाली सेना र संयुक्त राज्य अमेरिकी सेना प्यासिफिक कमाण्डको संयोजकोत्वमा ग्लोवल पिस अपरेशनस् इनिसियटिभ 'जीपीओआई' द्वारा संचालन भएको उक्त कोर्श यही पुस १ गते सकिने कार्यक्रम रहेको छ ।

'जीपीओआई' का कोर्ष डाईरेक्टर स्टेन इलिङ्सेनसहित ६ जना बिषयगत विज्ञहरु अर्थात् 'सब्जेक्ट म्याटर्स एक्पर्ट' द्वारा प्रशिक्षण दिइने सो कोर्शमा बंगलादेश, कम्बोडिया, इन्डोनेसिया, मलेशिया, मंगोलिया, फिलिपिन्स र थाईल्याण्डका कर्णेल तथा लेफ्टिनेन्ट कर्णेलहरुसहित १३ जना र नेपाली सेनाका महासेनानी, प्रमुख सेनानी तथा सेनानीसमेत १७ जना गरी ३० जनाको सहभागीता रहेको छ ।

## जीम हल उद्घाटन



श्री नं.१ बाहिनी हाताभित्र निर्माण गरिएको जीम हलको गत मङ्सिर १६ गते श्री उपत्यका पृतनापति उपरथी श्री दमन बहादुर घलेले एक कार्यक्रमकाबीच उद्घाटन गर्नुभयो ।

वाहिनीमा कार्यरत सकलदर्जाको लागि निर्माण गरिएको सो जिम हल उद्घाटनका क्रममा उपत्यका पृतना अन्तर्गतका युनिटहरुका रथीवृन्द तथा सेनानी समूहको उपस्थिति रहेको थियो ।

मुद्रण : श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृष्य महाशाखा, छापाखाना शाखा कलर स्क्यानिङ्ग : डिजीटेक, पुल्चोक सम्पादन सहयोगी : प्रा.सु. विनोद अधिकारी ले-आउट: प्रा.जम. शोभा विष्ट/प्रा.हु.कृष्ण सिंह बोहरा






# श्री कालीभञ्जन गण (ई) को संक्षिप्त चिनारी



प्र.से. श्री नारायण सिल्वाल
गणपति

**'ज्ञान सीप कर्म'** आदर्श वाक्य भएको यस गण(ई) वि.सं.२०६० साल मङ्सिर १८ गते खडा भएको हो । तत्कालीन श्री ५ को सरकार मन्त्रि परिषद्को मिति २०६०।०६।१८ गतेको निर्णयअनुसार श्री नं.१, २, ३ र ६ बाहिनी फिल्ड गुल्महरुलाई समायोजन गरी यस गण(ई) को स्थापना भएको हो । मध्य पृतना हे.क्वा.(हाल पश्चिम पृतना हे.क्वा.) अन्तर्गतका पदिक गण र गुल्महरुलाई आवश्यक कम्ब्याट ईन्जिनियरिङ्ग सपोर्ट प्रदान गर्ने उद्देश्यले खडा भएको यस गण(ई) मिति २०६१।१२।२४ गतेवाट पोखरा उपमहानगरपालिकाको फुलवारीबाट स्थानान्तरणभई पोखरा विमानस्थल परिसरमा तैनाथ रही कार्य गर्दै आएको छ । नेपाली सेनाका अन्य ईन्जिनियरिङ्ग गणहरु सरह यस गण(ई) को पनि स्वीकृत दरवन्दी ७५४ हो । माथिल्लो निकायवाट सुम्पेको जिम्मेवारीलाई उच्च मनोवल, पेशागत दक्षता एवं कार्यकुशलताको साथ कटिवद्ध रही पालना गर्दै आएको यस गण (ई) को तीनवटा फिल्ड गुल्महरु भिन्दाभिन्दै स्थानहरुमा तैनाथ रहेका छन् । यस गण (ई) अन्तर्गतको नं. १ फिल्ड गुल्म श्री नं.२२ बाहिनी अड्डा तथा अन्तर्गत युनिटहरुलाई कम्ब्याट ईन्जिनियरिङ्ग सपोर्ट प्रदान गर्न बुटवलको योगिकुटीमा तैनाथ रहेको छ । यसैगरी नं. ३ बाहिनी अड्डाको कम्ब्याट ईन्जिनियरिङ्ग सपोर्ट तथा मर्स्याङ्गदी जलबिद्युत आयोजना सुरक्षार्थ नं.२ फिल्ड गुल्म तनहुँको मर्स्याङ्गदीमा र काली गण्डकी जलविद्युत परियोजना सुरक्षार्थ नं.३ फिल्ड गुल्म स्याङ्गजाको बेल्टारीमा तैनाथ रही आ-आफ्नो जिम्मेवारीवहन गर्दै आइरहेका छन् । नेपाली सेनाको गरिमामय छविलाई उच्च राख्दै देश र जनताप्रति समर्पित भई जस्तोसुकै असहज परिस्थितिको सामना गर्नसमेत यस गण(ई) तत्पर रहेको छ ।

## गणको माथिल्लो निकायका पतिहरू



उ.र.श्री नरबहादुर कंडेल
पृतनापति
पश्चिम पृतना हे.क्वा.




स.र.श्री शेखर सिंह वस्न्यात
कर्णेल कमाण्डान्ट




म.से.श्री जसवन्त शम्सेर ज.ब.रा.
ईन्जियर निर्देशनालय
निमित्त निर्देशक

## गणको निशान




## पूर्व गणपतिहरु



प्र.से.श्री ईश्वरकान्त मैनाली
(२०६०/११/२८ देखि
२०६२/१२/१३गतेसम्म)



प्र.से.श्री दिपक कुमार बानियाँ
(२०६२/१२/१३ देखि
२०६४/०१/१० गतेसम्म)



प्र.से.श्री भगवान सिंह बुडाल
(२०६४/०१/१० देखि
२०६६/०२/३१ गतेसम्म)

## जनहित कार्यहरू



वेल्टारी, स्याङ्गजा सडक मर्मत



पोखरा पृथ्वीचोक सरसफाईमा जवानहरू



पोखरा पृथ्वीचोक सरसफाईमा जवानहरू



गणको इन्जिनियरिङ्ग ट्रेड सहयोगबाट निर्माण गरिएको तनहुँ, आँबुखैरेनीस्थित नि.मा.वि

## वार्षिकोत्सव २०६७ का केही झलकहरू



बार्षिकोत्सव केक संयुक्तरूपमा काट्दै उपरथी श्री नर बहादुर कंडेल र क्षेत्रीय प्रशासक श्री अर्जुन बहादुर भण्डारी



बिजयी खेलाडीलाई मेडल प्रदान गर्नुहुदै कर्णेल कमाण्डान्ट



झण्डामा छाप लगाउनु हुँदै गणपति





पाहुनाखेलमा सरिक बालबालीकाहरू



वडा खानामा सरिक जवानहरू



रनिङ्ग ट्रफी २०६७को साथ विजयी गुल्मका सकल दर्जा



अन्तर गुल्म फूटबल खेलका सहभागी खेलाडीहरू

## जवानमुखी कार्यहरू



खेलड्रेस



चरेस थालकचौरा



जवान साईवर कक्ष



ब्लाङ्केट



विनमेरी सेट



फोटोकपी मेशिन



फुटवल ड्रेस



युरोगार्ड

## गणको आन्तरिक स्रोतबाट सम्पन्न केही कार्यहरू



अधिकृत मेशको गोलघर



मर्मत गरिएको अधिकृत मेश





जवान लाईन निर्माणमा सहभागी जवानहरू



बंकर



पदिक मेशको गोलघर




जवान साईबर घर



अधिकृत मेशको बार

# वीरगति प्राप्त गणका अमर सैनिक जवानहरु



हु. रामकुमार पाण्डे
(मिति २०६०/०८/२५
जामुनेमा एम्बुसमा परेर)



अम टिकाराम जोशी
(मिति २०६२/०१/१७
अपहरणमा परि शक्तिखोरमा)



सि. श्यामकाजी कुमाल
(मिति २०५९/०२/०३,
भोर्लेटारमा एम्बुसमा परेर)



सि. तिर्थ बहादुर लामिछाने
(मिति २०६१/०८/२२,
अपहरणमा परि आरुचौरमा)



सि. जगत बडवाल
(मिति २०६७/०४/१२ गते
कर्तव्य पालनाको सिलसिलामा
सवारी दुर्घटनामा)

*देश र जनताको सुरक्षार्थ कर्तव्य पालनाको सिलसिलामा वीरगति प्राप्त गर्नुहुने यस गणका वीरयोद्धाहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।*

– श्री कालीभञ्जन गण (ई) परिवार

## शुभ-कामना



"ज्ञान सीप कर्म" आदर्श वाक्य रहेको श्री कालीभन्जन गण(ई) २०६०साल मङ्सिर १८ गते स्थापना भई २०६२/०६/२४ गते निशान प्राप्त गरेको यस गणले मनाउन लागेको सातौं वार्षिक उत्सवको सुखद उपलक्ष्यमा ईन्जिनियर्स निर्देशनालयको निमित्त निर्देशकको हैसियतले शुभ-कामना व्यक्त गर्दछु।

नेपाली सेनालाई समायानुकुल आधुनिकरण गर्दै लैजाने सन्दर्भमा पश्चिम पृतनाको सपोर्ट रेजिमेन्टको रुपमा स्थापित यस गणले पृतनाको लागि आवश्यक पर्ने कम्व्याट ईन्जिनियरिङ्ग सपोर्टको साथै पदिक युनिटहरुलाई आवश्यक ट्रेड तालिमहरुसमेत गराउदै आइरहेको छ। नेपाली सेनाको नीति र कार्य योजना मुताबिक सक्रियभई कार्य गर्दै आएको यस युनिटले राष्ट्र निर्माण, सुरक्षा र विकासमा समयसापेक्ष योगदान दिँदै आइरहेको छ। सेनालाई आवश्यक परेको समयमा मोविलिटि, काउन्टर मोविलिटि तथा सर्भाईविलिटिका तीन भूमिका निर्वाहको साथै तालिम, पेशागत तयारी, प्राकृतिक तथा कृत्रिम प्रकोप उद्धार कार्यमासमेत तयारी रही यस युनिटले जिम्मेवारीपूर्ण भूमिका निर्वाह गरी रहेकोमा दुईमत छैन्।

अन्तमा श्री काली भन्जन गण(ई) को लागि योगदान पुऱ्याउनु हुने गणपति, अधिकृत, पदिक तथा अन्यदर्जाहरुमा साथै उनीहरुमा आश्रित परिवारहरुलाई हार्दिक बधाई व्यक्त गर्दै आगामी दिनहरुमा गणको सम्पूर्ण सकलदर्जाहरुको उत्तरोत्तर प्रगतिको लागि मंगलमय शुभ-कामना व्यक्त गर्दछु।

महा सेनानी जशवन्त शम्सेर ज.ब.रा.
नि.निर्देशक
श्री ईन्जिनियर निर्देशनालय

## वार्षिकोत्सवको अवसरमा गणपतिको शुभकामना सन्देश



यस गण (ई) को ७ औं वार्षिकोत्सवको शुभ अवसरमा गण परिवारको निमन्त्रणालाई स्वीकार गर्नुभई पाल्नु भएका सम्पूर्ण परिवारजनलाई स्वागत गर्दै कृतज्ञताका साथ धन्यवाद दिन चाहन्छु। साथसाथै यस गण (ई) मा कार्यरत सम्पूर्ण सकल दर्जा, निवृत्तिभरण तथा उपदानमा अवकाश प्राप्त गर्नुहुने सकल दर्जा, तालिम तथा विशेष काजमा अन्यत्र युनिटहरुमा खट्नु भएका र शान्ति स्थापनार्थ विश्वका अन्य मुलुकहरुमा कार्यरत यस गण (ई) का सकल दर्जा तथा तीनका परिवारमा श्री कालीभन्जन गण (ई) को निशान भगवतीले सुःख शान्ति एवं समृद्धि प्रदान गरुन भनी शुभेच्छा प्रकट गर्न चाहन्छु। श्री कालीभन्जन गण (ई) मा कार्यरत रही कर्तव्य पालनाको सिलसिलामा आफ्नो ज्यान आहुति दिने वीर सपुतहरुलाई हार्दिक भावपूर्ण श्राद्धान्जली प्रकट गर्दै उहांहरुले देखाउनु भएको देशभक्ति तथा वीरताको बाटोमा अझ उचाई हासिल गर्ने प्रेरणा हामी सबैलाई मिलोस् भनि निशान भगवतीसँग प्रर्थना गर्दछु।

सिमित साधान श्रोतको बावजुद सकल दर्जाहरुको लगनशीलता र अथक प्रयासवाट गण परिसरमा भौतिक निर्माणका कार्यहरुमा हामीले उल्लेख्य प्रगति हाँसिल गरेका छौ। यसैगरि प्रधानसेनापति ज्यूबाट घोषणा भएको तालिम वर्षको कार्यक्रमलाई आत्मसात् गरी सकल दर्जाहरुको पेशागत ज्ञान अभिवृद्धि गर्न विशेष जोड दिई तालिमहरु संचालन भइरहेका छन्। नेपाली सेनाको गरिमामय छवीलाई उच्च राख्दै यस गणका सकल दर्जाहरुले अनुसाशित, बफादार एवं ईमान्दारिताका साथ राष्ट्र र जनताप्रति समर्पित रही कार्य सम्पादन गर्दै आइरहेका छन। राष्ट्रिय महत्वका भौतिक संरचनाहरुको सुरक्षा, देशको दुर्गम स्थानहरुमा बसोबास गर्ने स्थानीय जनताहरुको सुविधाको लागि विकास निर्माणका कार्यहरुदेखि लिएर समाजमा शान्तिको प्रत्याभुति दिलाउने क्रममा फेला परेका विभिन्न प्रकारका विष्फोटक पदार्थहरु निस्कृय गर्ने कार्यहरुमा हामीले सदाझैं विशेषरुपले सफलताका साथ सम्पन्न गर्दै आइरहेका छौं। श्री कालीभन्जन गण (ई) का सकल दर्जाहरुले जस्तोसुकै कठिन घडीमा पनि संयमित रहि देश र जनताको हित तथा संस्थाको गौरवमय छवीलाई सार्वोपरि राखि आफ्नो जिम्मेवारीलाई सदाझैं पेशागत दक्षता तथा कार्यकुशलताको साथ बहन गर्ने प्रततिवद्धता व्यक्त गर्दै गणको ७ औं वार्षिकोत्सवको उपलक्ष्यमा सकल दर्जा, परिवार तथा सम्पूर्ण सुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछु।

**प्रमुख सेनानी नारायण सिल्वाल**
**गणपति**
**श्री कालीभन्जन गण (ई)**

## गण स्थापना भएदेखिका प्र.सु.हरु

१. नं.१२५८४८ मा.उ.से. हुमलाल अधिकारी ०६१।१।२ बाट ०६३।७।२४ सम्म
२. नं.१०४७२६ मा.उ.से. श्याम बहादुर प्रधान ०६३।१२।१ बाट ०६५।८।१ सम्म
३. नं.१०४७०३ प्र.सु. थिर बहादुर खड्का ०६५।८।२३ बाट हालसम्म

## श्री कालीभन्जन गण (ई) मदर युनिट भएका अधिकृतहरु

१. नं.३७९९ सह सेनानी श्री निरज विक्रम था.म.
२. नं.३८०८ सह सेनानी श्री सन्देश कार्की
३. नं.३९७४ सह सेनानी श्री बसन्त कार्की
४. नं.४०६१ सह सेनानी श्री विमल निरौला
५. नं.४२१७ सह सेनानी श्री पवन थापा
६. नं.४२४६ सह सेनानी श्री रोशन थापा
७. नं.४३५७ सह सेनानी सुश्री रेश्मा के.सी.
८. नं.४४७६ सह सेनानी श्री नविन थापा
९. नं.४७४४ सह सेनानी श्री सुवर्णराज दुवाल
१०. नं.४८८० उप सेनानी श्री विरेन्द्र बहादुर सिंह
११. नं.४९६५ उप सेनानी श्री यलुङ्ग हाङ्ग राई
१२. नं.५१५४ उप सेनानी श्री राजेन्द्र बस्नेत
१३. नं.५५११ उप सेनानी श्री विक्रम खड्का
१४. नं.५७०९ उप सेनानी श्री नविन मल्ल

## हाल गणमाकार्यरत अधिकृतहरु

| व्य.नं. | दर्जा | नामथर |
|---|---|---|
| १८८५ | प्र.से. | श्री नारायण सिल्वाल |
| ३०३७ | सेनानी | श्री सुरेश थापा |
| ३०९७ | सेनानी | श्री नरेश सिंह खड्का |
| ३१३८ | सेनानी | श्री नन्द बहादुर गुरुङ्ग |
| ३४१८ | सेनानी | श्री प्रकाश खड्का |
| ३६०१ | आ.सेनानी | श्री विनोद श्रेष्ठ |
| ३३५६ | सह.से. | श्री प्रदिप थापा |
| ३९७१ | सह.से | श्री श्याम बस्नेत |
| ४३२८ | आ.सह.से. | श्री सुशान्तप्रसाद भद्रा |
| ४६३६ | आ.सह.से. | श्री माधव घिमिरे |
| ४६८३ | आ.सह.से. | श्री निलेश खड्का |
| ४६८४ | आ.सह.से. | श्री संजिव गिरी |
| ४८९७ | उ.से. | श्री प्रज्वल अधिकारी |
| ४९२४ | उ.से. | श्री मातृका कुँवर |
| ४९२६ | उ.से. | श्री हरि खड्का |
| ४९२७ | उ.से. | श्री विशाल कु.मल्ल |
| ४९९१ | उ.से. | श्री मनोज कु. रा.म. |
| ५०४८ | उ.से. | श्री श्रीप्रसाद रा.म. |
| ५१५४ | उ.से. | श्री राजेन्द्र बस्नेत |
| ५२२५ | उ.से. | श्री बिक्रम ब. थापा |
| ५५११ | उ.से | श्री बिक्रम खडका |
| ५७०९ | उ.से. | श्री नविन मल्ल |

## हाल गणमा कार्यरत पदिकहरु

| क.नं. | दर्जा | नामथर |
|---|---|---|
| १०४७०३ | प्र.सु. | थिर बहादुर खड्का |
| १३६७०३ | सु. | धिरेन्द्र पौडेल |
| १०८९६५ | लेखा सु.क. | रघुनन्दन थापा |
| १०७५४९ | सु | भद्र बहादुर आले |
| ११०५४१ | सु | प्रेम राज मिश्र |
| १०७६१९ | सु | कृष्ण बहादुर बानिया |
| १४९४२७ | सु | पुर्ण ब. पुलामी |
| १३६६९१ | जम | तारा बहादुर खत्री |
| १४४१७६ | जम | प्रताप सिंह तामाङ्ग |
| १४६९३४ | जम | दयानिधि अधिकारी |
| १३८३८३ | जम | पुर्ण बहादुर थापा |
| १४९७१९ | जम | दशरथ खड्का |
| १५१४४८ | जम | कुमार रायमाझी |
| १५०१९१ | जम. | गोपाल अधिकारी |
| १४५३२७ | लेखा जम.क | श्रीभद्र आचार्य |
| १५७२६२ | जम. | जयराम रोका |
| १५१३८९ | जम. | लिला बहादुर काफ्ले |
| १५०७३४ | जम. | भक्ति नारायण चौधरी |
| १४९७२३ | जम. | पहलमान कुमाल |
| १३४२०६ | मु.प.जम | डिल्लिराम सुवेदी |
| १४६०६८ | जम. | राम प्र.पोखरेल |
| १४९६२० | जम. | सुदन श्रेष्ठ |
| १३५४६६ | जम | भिम ब.अधिकारी |
| १५१४३७ | जम | मिहिलाल दाहाल |
| १४७५९२ | जम. | शंकर थापा |
| १३५८४१ | जम.क. | कृष्ण प्रसाद न्यौपाने |
| १४७६०४ | जम | गोबिन्दराज न्यौपाने |
| १४७६४१ | जम. | चिनकाजी श्रेष्ठ |

## गणको ७ औं वार्षिकोत्सव

श्री कालीभञ्जन गण (ई) को ७ औं वार्षिकोत्सव गत मङ्सिर १८ गते श्री पश्चिम पृतना हे.क्वा.का पृतनापति उपरथी श्री नर बहादुर कंडेल र यस गण(ई) का कर्णेल कमाण्डान्ट तथा श्री नं.५ बाहिनी अड्डाका बाहिनीपति सहायक रथी श्री शेखर सिंह बस्न्यातको समुपस्थितिमा विभिन्न कार्यक्रमहरुको आयोजना गरी हर्षोल्लासपूर्वक मनाइएको छ।

वार्षिकोत्सवको उपलक्ष्यमा गणपति प्रमुख सेनानी श्री नारायण सिल्वालले विधिवतरुपमा निशान भगवतीको पूजा गर्नुभई झण्डात्तोलन गर्नुभयो। यसै अवसरमा यस गण (ई) ले आयोजना गरेको रात्रिभोजमा गणको निमन्त्रणालाई स्वीकार गरी प्रमुख अतिथिको रुपमा सहभागी हुनु भएका पृतनापतिले गण परिवारलाई बधाई दिंदै गणको उत्तरोत्तर प्रगतिको कामना गर्नु भएको थियो। वार्षिकोत्सवको उपलक्ष्यमा यस गण(ई) मा मङ्सिर ९ गतेबाट सञ्चालन गरिएको अन्तर गुल्म खेलकुद प्रतियोगितामा सवैभन्दा बढी अङ्क ल्याई प्रथम स्थान हासिल गर्न सफल रेजिमेन्ट हे.क्वा.सहितको फिल्ड पार्क गुल्मलाई यस गण(ई) का कर्णेल कमाण्डान्ट तथा श्री नं.५ बाहिनी अड्डाका बाहिनीपतिले खेलकुदतर्फको २०६७ सालको रनिङ्ग ट्रफि र ५ वटा विभिन्न खेलका प्रतिस्पर्धाहरुमा प्रथम हुने गुल्मलाई सिल्ड प्रदान गर्नु भएको थियो। यसैगरी उहाँले गणका सकल दर्जाहरुको परिवार तथा बालबालिकाहरुको मनोरन्जनको लागि आयोजना गरीएको विभिन्न मनोरन्जनात्मक खेलका विजयीहरुलाई समेत उपहार प्रदान गर्नु भएको थियो।